# भूमि अधिकार

वर्ष १२, पूर्णाङ्क ३४, कात्तिक २०७०




मुक्ति चाहन्छौं

-दशन मण्डल




# दलहरूको घोषणा पत्रमा भूमि मुद्दा

- सामुदायिक स्रोतको उपयोग
- असल शक्ति निर्माणको खाँचो
- मलेसियन भूमि अभ्यासको अध्ययन र सिकाइ

# संयुक्त लालपुर्जा बनाऔं
# महिलाको कामको कदर गरौं ।

काममा ब्यस्त हुनुहुन्छ होला । के गर्ने जिन्दगी जिउनै पऱ्यो । परिवार नै खेतीपातीमा जुट्नुभएको रहेछ । कस्तो राम्रो । खेतबारी पनि नम्बरी रहेछ । खुसी लाग्यो । अझ यस्तो घर-जग्गाको धनीपुर्जा महिला र पुरूष दुवैको नाममा छ भने त गजबै भयो । अनि पुरूषको मात्र छ भनेचाहिँ सोच्नु पो पर्छ कि ?

खेतीपातीबारे महिलामा राम्रो ज्ञान छ । खनजोत गर्ने, बाली लगाउने, गोडमेल गर्ने, बीउ जोगाउने, बाली थन्क्याउने सबै काम महिलाले गर्छन् तर अझै पनि खेतीपाती गर्ने महिलालाई किसान ठानिँदैन । महिला किसानले पाउनुपर्ने सेवा/सुविधा पनि पाउँदैनन् ।

यतिमात्र कहाँ हो र ? आफ्नै गाउँठाउँमा हेरौं त- कतिपयको परिवारमा खानेकुरा छ तर महिलाले पेटभर खान पाउँदिनन् । उल्टै कुटपिट खेपिरहनुपरेको छ । हैँला र गालीगलौज सहिरहनुपरेको छ । कतिले त घरै छाड्नुपरेको सुनिन्छ । यस्तो बेला कहाँ जाने ? कहाँ बस्ने ? के गर्ने ? के खाने ?


यस्तो अवस्था आउनुका धेरै कारण छन् । तीमध्ये महिलाको आफ्नै नाममा घर-जग्गा नहुनु मुख्य कारण हो । घर-जग्गामा महिलाको स्वामित्व नहुनाले परिवार र गाउँघरमा महिला तथा पुरूषबीच भेदभाव छ । दिनहुँ लिपपोत गरेर चिटिक्क बनाएको घर र रातदिन खटिएर खेतीपाती गर्ने जग्गामा स्वामित्व नहुँदा महिलालाई कस्तो लाग्दो हो ?

तपाईँले पनि थाहा पाइसक्नुभयो होला- सरकारले भूमिमा महिलाको स्वामित्व बढाउन श्रीमान्‌को नाममा रहेको घर जग्गामा श्रीमतीसमेतको सगोलनामा गरी संयुक्त पुर्जा बनाउन एक सय रूपियाँ तिरे पुग्ने व्यवस्था गरेको छ । यो अवसरको उपयोग गर्दै संयुक्त पुर्जा बनाउने अभियान नै चलेको छ । घर-जग्गा परिवारका सबैको परिश्रमले बनेको सम्पत्ति हुनाले अधिकार पनि सबैको बराबर हुन्छ ।

त्यसैले महिलाले खेतबारीमा लगाएको श्रम र उत्पादनमा पुऱ्याएको योगदानको कदर गर्दै आफ्नो परिवारको संयुक्त पुर्जा बनाऔं । यसरी संयुक्त पुर्जा बनाउँदा महिलाको पहिचान र सुरक्षा बढ्छ । छिमेकी र नातागोताले पनि आदर गर्छन् । उद्यम गर्ने आँट बढ्छ । उत्पादन बढेपछि सिङ्गो परिवारलाई नै फाइदा पुग्छ । कुनै एक जनाले खुसुक्क जग्गा बेच्ने वा गुमाउने खतरा पनि हुँदैन ।

श्रीमान् र श्रीमतीको नागरिकता, नागरिकतामा सम्बन्ध नखुलेको हकमा विवाह दर्ताको प्रमाणपत्र र सक्कल लालपुर्जा २/२ प्रति फोटो र चालु आ.व.मा गाविसमा मालपोत तिरेको रसिदसहित मालपोत कार्यालयमा गई एकै दिनमा संयुक्त लालपुर्जा बनाउन सकिन्छ । संयुक्त लालपुर्जा बनाई परिवारमा सुख र खुसी ल्याउँ । श्रीमान् र श्रीमती दुवैको हैसियत बढाउँ ।

**जय भूमि**



CSRC
आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

# भूमिअधिकार

वर्ष १२, पूर्णाङ्क ३४, कात्तिक २०७०


आवरण ३

## दलहरूका घोषणापत्रमा
## भूमि तथा कृषि अधिकार



वार्षिक सामाजिक लेखाजोखा २७



बन्यो भूमिघर २९

बाँझो जग्गा उपयोग ३१



भूमिसुधार र कृषि क्रान्ति . . . . . . . १६

असल शक्ति निर्माणको खाँचो . . . . . १७

मलेसियन भूमि अभ्यास : अध्ययन र सिकाइ . . . . . . . . . . . . . . . . . . . १९

सामुदायिक स्रोतको उपयोग . . . . . . २०

कृषिको बजेटमा किसानको चासो . . . २२

मुक्ति खै ? . . . . . . . . . . . . . . . २३

अकल्पनीय जीवन कहानी . . . . . . . २४

बंगलादेश यात्रा र अनुभूति . . . . . . २५

जग्गा उपयोगमा मञ्च . . . . . . . . . २६

गतिविधि . . . . . . . . . . . . . . . . . . २७



प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

पोस्ट बक्स नम्बर १९७९०, भूमिघर, धापासी-८ काठमाडौं, नेपाल

फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३

इमेल landrights@csrcnepal.org, website– www.csrcnepal.org

**लेआउट/डिजाइन** : मिडिया क्याफे, अनामनगर

# चुनावमा भूमि मुद्दा

मङ्सिर ४ जति नजिकिँदैछ, चुनावको माहोल उतिउति तात्दो छ। सबै वर्ग, तह र तप्काका जनताले यो चुनावलाई गहिरोसँग प्रतीक्षा गर्नुको अर्थ छ- आफ्ना समस्या समाधान हुने विश्वास। त्यसैले खासगरी उत्पीडितहरू र त्यसमा पनि भूमि अधिकारबाट वञ्चित गराइएकाहरू यो चुनाव र यसबाट निर्मित संविधान सभाले बनाउने संविधान र त्यसका कार्यान्वयनका लागि उपयुक्त ऐनको व्यग्र प्रतीक्षामा छन्। वर्षौंदेखि अन्यायमा पारिएकाहरूले यस्तो अपेक्षा राख्नु स्वाभाविक पनि हो।

दिनको सङ्केत बिहानीले गर्छ भनेझैं कुन दलले भूमि र कृषि अधिकारसँग जोडिएका सवाल सम्बोधन गर्छन् भन्ने थाहा पाउन उनीहरूको घोषणापत्र नै काफी हुन्छ। आफूले जितेर गएपछि यस्तो, यस्तो काम गर्छु वा संविधानमा यो यो कुरा समावेश गराउन भूमिका खेल्छु भन्ने अभिलेख नै घोषणापत्र हो। भोलि जनताले तिमीले नै वाचा गरेअनुसारका काम किन गरेनौ भनेर प्रश्न गर्ने आधार पनि हो घोषणापत्र। त्यसैले घोषणापत्रमा भूमि र कृषि अधिकारसँग जोडिएका सवाललाई दलहरूले कसरी समावेश गरे भन्ने जानकारी थाहा पाइराख्नु अत्यावश्यक हुन्छ।

अहिले दलहरूले खासगरी प्रमुख दलहरूले आफ्ना घोषणापत्रमा राखेका भूमि र कृषि अधिकारका सवाल पूर्ण छैनन्। जनमुखी भूमि सुधारको आवश्यकता स्वीकार गरिए पनि यसको अनिवार्यता प्रष्ट ठानिएको देखिन्न। भूमि सुधारका सवाललाई कृषिमा गरिने सानातिना सुधारले ओझेलमा पार्न खोजिएको छ। मल, बीउ, सिँचाइ जस्ता सुधारात्मक प्रक्रियालाई नै भूमि सुधार ठानिएको छ र यस्तो सुधारले नेपाली कृषक तथा भूमिहीन अनि सुकुम्बासीको जीवनस्तरमा सुधार आउने अपेक्षा दलहरूबाट गरिएको देखिन्छ। जसले दलका शीर्ष नेताहरू भूमिहीनका वास्तविक समस्यासँग साक्षात्कर भएको देखाउँदैन।

हरूवाचरूवा, कमैया, कमलरी, गुठीपीडित, चुरेपीडित, बेदर्तावाल मोही जस्ता थुप्रै समस्या मुलुकमा विद्यमान छन्। असमान भूमि वितरणका कारण सिर्जिएका यस्ता समस्या समाधान नगरी न भूमिहीनका समस्या समाधान हुन सक्छ न त कृषिप्रधान देशको मुहारै फेरिने सम्भावना छ। दिनभर अर्काको भकारी भरिदिने अनि आएर भोको पेट सुत्नुपर्ने कृषि मजदुरको बाध्यता यथावत् राखेर नयाँ नेपाल निर्माण हुनै सक्दैन। तर यो वास्तविक समस्याप्रति पनि दलहरू संवेदनशील भएको देखिन्न। उनीहरूको घोषणापत्र यही बोल्छ। जनमुखी, वैज्ञानिक, जनपक्षीय, क्रान्तिकारी जे भनिए पनि भूमि सुधार शब्द उल्लेख गर्दैमा उनीहरू यो सवालप्रति गम्भीर छन् भन्ने देखिन्न जबसम्म यसको आधार र विश्वसनीयता प्रष्ट्याउन उनीहरू सफल हुन सक्दैनन्।

त्यसैले सतही कुरा समावेश गर्दैमा र सानातिना सुधारका कुरा गर्दैमा भूमि अधिकारबाट वञ्चितले राहत पाउने वा न्याय पाउने अवस्था देखिन्न। अर्कोतर्फ सरकारले गरिरहेका काम नै उल्लेख गर्दैमा तथा भूमि सुधारबारे एक शब्द उल्लेख नगर्दैमा पनि दलहरूले फुत्किन पाउने अवस्था छैन। नयाँ मुलुक बन्ने अभियानमा लाग्ने तर भूमि अधिकारबाट वञ्चितहरूको एउटा ठूलो जमातको समस्या भने ज्युका त्युँ छाडेर परिवर्तन सम्भव हुन्न। जबसम्म परिवर्तनले अन्यायमा पारिएका सबैलाई समेट्न सक्दैन तबसम्म त्यसको अर्थ रहन्न र त्यसलाई परिवर्तनको मान्यता पनि दिन सकिन्न।

अहिले घोषणापत्रमा जे राखे पनि दलहरूले भूमि अधिकारबाट वञ्चितहरूको आकारलाई नजरअन्दाज गर्ने भूल गरे भने त्यो प्रत्युत्पादक हुने निश्चित छ। भूमि र कृषि अधिकार स्थापना गर्ने कार्यको श्रीगणेश जनमुखी भूमि सुधारबाट मात्र सम्भव छ। असमान भूमि वितरणले सिर्जेका खाडलहरू टाक्सेबाक्चे नगरून्जेल अन्यायमा परेकामाथि न्याय हुनै सक्दैन।

## दलहरूका घोषणापत्रमा

# भूमि तथा कृषि अधिकार

यही २०७० साल मङ्सिर ४ गते संविधान सभाको निर्वाचन हुँदैछ । अघिल्लो संविधान सभाले संविधान बनाउन नसकेपछि संविधान बनाउनकै लागि फेरि देशमा चुनाव हुन लागेको हो । यो संविधान सभाले भने पक्कै संविधान बनाइछाड्ने दाबी दलहरूले गर्दै आएका छन् । यो चुनाव खासगरी संविधान बनाउनकै लागि भएकाले अरु चुनावको भन्दा यसको विशेष महत्व छ । मुलुकमा रहेका लाखौं भूमिहीन, सुकुम्बासी, मोही, हरूवाचरूवा जस्ता भूमि अधिकारबाट वञ्चितका समस्या समाधान गर्न संविधानमा के लेखिएला भन्ने कौतुहलता सबै भूमिहीन, भूमि अधिकारबाट वञ्चितहरूलाई छ । वर्षौंदेखि समस्याको आहालबाट मुक्ति खोजिरहेका भूमिहीन तथा भूमि अधिकारबाट वन्चितहरूले आफ्नो अधिकार प्राप्तिका लागि यस्तो आशा राख्नु स्वाभाविक पनि हो ।

त्यसैले संविधान सभाका लागि उमेदवार बनेका व्यक्ति र उनीहरूका दलले यो विषयमा कस्तो धारणा राखेका छन्, उनीहरु कस्तो नीति बनाउन चाहन्छन् र कुन दलले भूमि अधिकारबाट वञ्चितको पक्षमा के कति काम गर्न चाहेको छ भन्ने उनीहरूको घोषणापत्रबाट थाहा हुन्छ ।

त्यसैले भूमि तथा कृषिसँग जोडिएका सवालमा दलहरूले घोषणापत्रमा समावेश गरेका सवाल थाहा पाउनु आवश्यक हुन्छ । जसले गर्दा आफ्ना सवाल बुझेका, त्यसलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेका दललाई मत दिन र जिताउन भूमिका निर्वाह गर्न सकिन्छ । ताकि भूमि र कृषिसँग जोडिएका सवाल समाधान होऊन् र अधिकार संरक्षण तथा परिपूर्तिमा मद्दत पुगोस् ।

# एनेकपा माओवादी

एनेकपा माओवादी समाजमा पछाडि पारिएका अर्थात् उत्पीडनमा परेका जनताको उत्थानका लागि भन्दै युद्ध गरेर मूलधारे राजनीतिमा आएको पार्टी हो । उसले यसरी उत्थान गर्ने भनेर प्राथमिकतामा राखेकामध्ये भूमिहीन, सुकुम्बासी, हरूवाचरूवा पनि थिए । यो पार्टीले अघिल्लो संविधान सभा निर्वाचनमा पनि भूमिसँग जोडिएका थुप्रै सवाल घोषणापत्रमा राखेको थियो । ऊ दुई पटक सत्ताको नेतृत्वमा पनि गयो तर पनि भूमिहीनका समस्या भने जस्ताका तस्तै रहे । अर्थात् जुनसुकै कारणले होस्, भूमि र कृषि अधिकार सुरक्षित गर्ने र आफैंले घोषणापत्रमा उल्लेख गरेअनुसार काम उसको कार्यकालमा हुन सकेन । अहिले फेरि अर्को संविधान सभाका क्रममा तयार पारिएको घोषणापत्रमा पनि भूमि र कृषिसँग जोडिएका सवाल उठाएर त्यसलाई पूरा गर्ने प्रतिबद्धता उसले व्यक्त गरेको छ ।




एमाओवादी पार्टीको घोषणापत्रको ७ नं. मा सुकुम्बासी परिवारबारे के गर्ने भन्ने उल्लेख छ । जसमा ठाउँठाउँमा बहुतल्ले भवन निर्माण गरी वास्तविक सुकुम्वासीलाई आवास व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी उनीहरूलाई प्राविधिक तालिम दिई स्वरोजगारका लागि विनाधितो ऋणको व्यवस्था मिलाइने तथा निःशुल्क शिक्षा र स्वास्थ्य सेवा दिलाइने पनि उल्लेख छ ।

यसैगरी १३ नं. मा गरिबीको रेखामुनि रहेको परिवारबारे उल्लेख छ । यस्ता परिवार पहिचान गर्ने र परिचयपत्र वितरण गर्ने उल्लेख गर्दै एमाओवादीले यस्ता परिवारका सदस्यलाई शिक्षा, स्वास्थ्य, आवास तथा खाद्य सुरक्षा कार्यक्रम लागु गर्ने जनाएको छ । त्यसैगरी परिवारको एक जना सदस्यलाई १८० दिनको रोजगारी वा बेरोजगार भत्ता उपलब्ध गराउने भन्दै उसले शिक्षा, स्वास्थ्य, आवास तथा खाद्य सुरक्षा कार्यक्रम सम्पन्न गर्ने पनि प्रतिबद्धता व्यक्त गरेको छ ।

यसरी नै ३.४.२ नं. मा क्षेत्रगत नीति र कार्यक्रमअन्तर्गत क. मा कृषि तथा भूमि सुधार शीर्षकमा उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदनलाई तदारूकताका साथ कार्यान्वयन गरिने उल्लेख छ । त्यसैगरी विविध रूपको सामन्ती भूस्वामित्वको पूर्णरूपले अन्त्य गर्दै 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा क्रान्तिकारी भूमि सुधार सम्पन्न गरिने लेखिएको छ । हदबन्दीभन्दा बढी जमिन मुक्त कमैया, हलिया, हरूवाचरूवा, सुकुम्बासी र गरिब किसानलाई निःशुल्क वितरण गरिने उल्लेख गर्दै कृषिलाई नेपाली अर्थतन्त्रको प्रमुख आधारका रूपमा ग्रहण गर्दै यसको व्यवसायीकरण र आधुनिकीकरणलाई केन्द्रमा राखेर उपयुक्त कृषि नीति तर्जुमा गरिने उल्लेख छ ।

त्यसैगरी परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई निरूत्साहित गर्दै साना किसानलाई सहकारीमा सङ्गठित भएर व्यावसायिक खेती गर्न प्रोत्साहित गरिने

## एमाओवादीका प्राथमिकता

- ✓ जमिन जोत्नेको सिद्धान्तका आधारमा क्रान्तिकारी भूमि सुधार
- ✓ गरिबीको रेखामुनि रहेका परिवारलाई १८० दिन रोजगार
- ✓ सुकुम्बासीलाई बहुतले घर बनाएर आवास व्यवस्था
- ✓ उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदनलाई तदारुकताका साथ कार्यान्वयन
- ✓ हदबन्दीभन्दा बढी जमिन मुक्त कमैया, हलिया, हरुवाचरुवा, सुकुम्बासी र गरिब किसानलाई निःशुल्क वितरण
- ✓ बाँझो जमिन राख्न बन्देज
- ✓ किसान र राज्यको संयुक्त योगदानबाट 'किसान पेन्सन कोष' को व्यवस्था

नीति अङ्गाल्ने बताउँदै आफ्नो घोषणापत्रमा एमाओवादीले जमिनलाई महत्वपूर्ण उत्पादनको साधनका रूपमा स्थापित गर्दै बाँझो जमिन राख्न बन्देज लगाइने जनाएको छ। कृषि उत्पादनलाई प्रतिस्पर्धी बनाउन राज्यले विशेष संरक्षण र अनुदानको व्यवस्था गर्ने बताउँदै बैङ्क र वित्तीय संस्थाहरूबाट व्यावसायिक खेती, पशुपालन, माछापालन, फलफूल खेतीका लागि २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिने पनि उल्लेख छ। ९ प्रतिशतभन्दा बढीको ब्याज रकम अनुदानका रूपमा किसानलाई उपलब्ध गराइने नीति लिने पनि उसले जनाएको छ।

तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभ भएका विशिष्ट, अनुपम तथा उच्च मूल्य, थोरै वजन र कम आयतन भएका कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन गरी निर्यात गर्न अभिप्रेरित गरिने उल्लेख गर्दै एमाओवादीले किसानलाई रासायनिक मलको सहज आपूर्ति गर्न देशभित्रै रासायनिक मल कारखाना स्थापना गर्ने उल्लेख गरेको छ।


यसरी नै कृषि औजार कारखाना सञ्चालनमा ल्याइने जैविक र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिने, कृषि उपजहरूको बजार र भण्डारणका लागि कृषि सडक र शीत भण्डारहरूको निर्माणमा विशेष ध्यान दिइने पनि उसले उल्लेख गरेको छ। किसानलाई उनीहरूका उत्पादनको न्युनतम् समर्थन मूल्यको ग्यारेन्टी गरिनुका साथै कृषि बिमा र पशु बिमा कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागु गरिने पनि उल्लेख छ। कृषि पेसालाई आकर्षक र मर्यादित बनाई युवाहरूलाई यसप्रति आकर्षित गर्न कृषि पेसाबाट अवकाशपश्चात् सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न किसान र राज्यको संयुक्त योगदानबाट 'किसान पेन्सन कोष' को व्यवस्था गरिने प्रतिबद्धताका साथै यो पेसामा प्रत्यक्ष संलग्न किसानलाई 'किसान परिचयपत्र' व्यवस्था गरिने पनि घोषणापत्रमा छ। जसको आधारमा उनीहरूले आफ्ना वर्गीय प्रतिनिधित्व र राज्यद्वारा प्रदान गरिने सेवा/सुविधा प्राप्त गर्न सक्नेछन्।

भूमिहीन र गरिब किसानले जमिन किन्न चाहेमा खरिद गर्ने जमिनलाई धितो राखी न्युन ब्याजदरमा १० वर्षसम्मका लागि ऋण दिने व्यवस्थासमेत गरिने घोषणापत्रले लेखेको छ। यसरी नै किसानलाई निःशुल्क र सर्वसुलभ प्राविधिक सेवा उपलब्ध गराइने, हरेक गाउँपालिकामा सामुदायिक कृषि सेवा केन्द्र स्थापना गरी बाली प्राविधिक र पशु प्राविधिकको व्यवस्था गरिने, कृषि मजदुरहरूको न्युनतम ज्याला तोकी समय समयमा अद्यावधिक गरिने जस्ता विषय पनि एमाओवादीको घोषणापत्रमा उल्लेख छ। साथै तराई-मधेसलाई मरूभूमीकरणबाट जोगाउन चुरेभावरलाई आरक्षण क्षेत्र घोषणा गरी त्यसको संरक्षण र विधिसम्मत उपयोगको जिम्मा त्यहाँ पहिल्यैदेखि बसोबास गर्दै आइरहेका जनतालाई नै दिइने पनि यो घोषणापत्रमा उल्लेख छ।

# नेपाली कांग्रेस

अघिल्लो निर्वाचनमा ल्याएको मतका आधारमा दोस्रो ठूलो दल नेपाली कांग्रेसले पनि आफ्नो चुनावी घोषणापत्रमा कृषि र भूमिसँग जोडिएका सवाल सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। स्थापनाकालदेखि नै जसको जोत उसको पोतको नारा अघि सार्दै आएको यो दलले भूमिहीन र कृषकका आवाज कुनै न कुनै रूपमा उठाउँदै आएको छ तर पनि व्यवहारमा भने उसका नीतिहरू खासै लागु भएका देखिन्नन्। यस पटकको चुनावी घोषणापत्रमा पनि यो दलले भूमि तथा कृषि अभियानसँग सम्बन्धित विभिन्न बुँदामा केन्द्रित रही आफ्ना धारणा र नीति उल्लेख गरेको छ :

जसअनुसार घोषणापत्रको ५.३ मा कृषि र भूमि सुधार शीर्षकअन्तर्गत नेपाली कांग्रेसले कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिको व्यवसायीकरण गर्दै कृषिमाथि आय तथा रोजगारीका लागि आश्रित जनसङ्ख्या कम गर्नु कृषि विकासको मूल रणनीति हुनेछ भन्ने उल्लेख गरेको छ।




त्यसैगरी कृषिलाई आकर्षक पेसाका रूपमा विकास गर्न कृषि-सहयोगी पूर्वाधार विकासमा सरकारको लगानी बढाइने र कृषि प्रविधिको यान्त्रिकीकरण गर्न सहयोग पुर्‍याइने प्रतिबद्धता व्यक्त गरिएको छ। कृषि पेशामा शिक्षित युवालाई आकर्षित गरी व्यवसायिक कृषिमा जोड दिइने र कृषि क्षेत्रबाट विस्थापित हुने जनशक्तिलाई अन्य उत्पादनशील काममा लाग्न तालिम तथा सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने पनि यो दलले आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ।

त्यसैगरी सार्वजनिक, निजी, सहकारी साझेदारीमा ५ वर्षभित्र कम्तीमा एउटा रासायनिक मल कारखाना स्थापना गरिने, प्राङ्गारिक मलको औद्योगिक उत्पादनका लागि सहकारी संस्था तथा निजी क्षेत्रलाई अनुसन्धान, प्रविधि तथा आवश्यकताअनुसार पुँजीगत लगानीमा सहयोग गरिने, विदेशमा श्रमशक्तिको रूपमा कार्य गर्न गएका युवाहरू फर्केर आउँदा सीपसहित आउने भएकाले त्यसको फाइदा उठाइ देशमै व्यवसाय गर्ने बनाउन साना किसान विकास बैंक र सहकारीमार्फत् पहल गरिने जस्ता धारणा पनि समावेश छ। यसबाहेक युवाहरूको वैदेशिक रोजगारीप्रतिको आकर्षण र कृषि क्षेत्रमा श्रम शक्ति अभाव हुँदै गएको सन्दर्भमा साना खेती तथा युवामैत्री यान्त्रिकीकरण उपयोगमा जोड दिइ प्रविधि उपलब्ध गराउन सहजीकरण गरिने, कृषि उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि, उन्नत बीउबिजन, मेसिनको प्रयोग, सिँचाइ, बजार-स्थल विकास र कृषकलाई कृषि उत्पादन बजारीकरण गर्न सहयोग पुर्‍याइने, कृषि उत्पादन बजारीकरण गर्न प्रत्येक जिल्लामा बाह्रैमास चल्ने कृषि सडकको निर्माण अभियान चलाइने जस्ता विषयलाई पनि प्राथमिकतासाथ उल्लेख गरिएको छ।

प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न विभिन्न प्राविधिक, आर्थिक, बजारको पहुँच र अन्य सुविधा दिइने, एक गाउँ एक उत्पादन तथा एक जिल्ला एक विशेष कार्यक्रमलाई जोड दिई प्रत्येक जिल्लामा विशेषखालको कृषि प्रसार सेवा विस्तार गरिने, कृषि अनुसन्धानमा सार्वजनिक लगानी बढाइने र निजी क्षेत्रलाई पनि अनुसन्धानमा लाग्न उत्प्रेरित गर्न परिणाममा आधारित अनुदान दिइने तथा नेपाललाई उच्च-पहाडी कृषि अनुसन्धानको अन्तराष्ट्रिय केन्द्रका रूपमा विकास गरिने लक्ष्य नेपाली कांग्रेसले लिएको छ। त्यसरी नै आगामी पाँच वर्षभित्रमा नेपाललाई मासु, माछा, दुग्ध-पदार्थ, फलफूल, मह, स्याउ, च्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यात मुलुकका रूपमा उभ्याइने, कृषि उत्पादनको निर्यात प्रबर्द्धन गर्न गुणस्तर प्रमाणीकरणका लागि काठमाडौं, विराटनगर, वीरगञ्ज, भैरहवा र नेपालगञ्जमा अत्याधुनिक प्रयोगशाला स्थापना गरिने, उच्च-पहाडी तथा हिमाली क्षेत्रमा स्याउ, कागती बदाम, खेती, ऊन र मासुका लागि पशुपालन अभियानका रूपमा सञ्चालन गरिने जस्ता पक्ष पनि यो घोषणापत्रमा समेटिएको छ।

यसैगरी मध्य-पहाडी क्षेत्रमा कफी, चिया, अलैंची, सुन्तला प्रजातिका फलफूल, केरा खेती, अदुवा, किबी फल र मकै तथा गहुँ खेती अभियानका रूपमा सञ्चालन गरिने, खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गर्ने र बाली स्याहार्ने क्रममा हुने क्षति कम गर्नका लागि प्रविधि विकास तथा प्रसारमा जोड दिइने, सरकारले किसान साझेदारीमा प्रतिकूल मौसम तथा व्यापक रोगव्याधिको कारणले हुने कृषि उत्पादन क्षतिको बीमा र पशुपन्छी पालन व्यवसायको बीमा गरिने, भू-उपयोग ऐनको प्रभावकारी कार्यान्वयन गरिने, कृषि कार्यका लागि तोकिएको जमिनमा अन्य कार्य गर्न निषेध गर्दै लगिने जस्ता व्यवस्था पनि यसमा उल्लेख छ।

नेपाली कांग्रेसले आफ्नो कृषि नीतिमा नेपालबाट लोप भइसकेका तर अन्तराष्ट्रिय जीन बैंकमा रहेका नेपाली स्थानीय बालीका जातहरू राष्ट्रिय जीन बैंकमा ल्याइने, बीउबिजन भण्डारण गर्ने, पुनःप्रयोग गर्ने, साटासाट गर्नेलगायत्का कृषकका अधिकार

## नेपाली कांग्रेसका प्राथमिकता

- ✓ भू-उपयोग ऐनको प्रभावकारी कार्यान्वयन गरिने
- ✓ प्रत्येक जिल्लामा बाह्रैमास चल्ने कृषि सडकको निर्माण
- ✓ अरबौं लगानीका साथ सुरक्षित र स्वस्थ बस्तीहरु निर्माण गराई १५ वर्षभित्रमा सम्पूर्ण ग्रामीण विपन्न जनतालाई सुरक्षित जीवन प्रदान गर्ने
- ✓ सङ्कटमा परेका र अत्यन्त विपन्न परिवारलाई लक्षितरुपमा निःशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने
- ✓ सुलभ आवासको व्यवस्था गरी सुकुम्बासीलाई बसोबासको व्यवस्था गरिने
- ✓ कमैया, वादी, भूमिहीन र अन्य उपेक्षित तथा सीमान्तकृत समुदायका शिक्षा समस्या एक्काइसौं शताब्दीको राष्ट्रिय लज्जा
- ✓ वैज्ञानिक भूमि सुधारका लागि भूमिको परम्परागत प्रयोगका प्रचलन, भूमि सुधार आयोगका प्रतिवेदन, बसाइँसराईको पद्धति र विज्ञ एवम् कृषकको राय सल्लाहलाई प्राथमिकतामा राखी कृषिमा भू-उपयोगको नीति अवलम्बन गरिने

संरक्षण गरिने कानुन ल्याइने, आनुवंशिक स्रोतको व्यावसायिक उपयोगमा स्थानीय कृषक समुदायको हक स्थापित गरिने कानुन ल्याइने उल्लेख गरेको छ। साथै वैज्ञानिक भूमि सुधारका लागि भूमिको परम्परागत प्रयोगका प्रचलन, भूमि सुधार आयोगका प्रतिवेदन, बसाइँसराईको पद्धति र विज्ञ एवम् कृषकको राय सल्लाहलाई प्राथमिकतामा राखी कृषिमा भू-उपयोगको नीति अवलम्बन गरिने प्रतिबद्धता पनि व्यक्त गरेको छ।

घोषणापत्रको ५.१५ नं. मा स्वस्थ, सुरक्षित आवास शीर्षकमा नेपालका प्रायः दलित विपन्न वर्गका जनता अस्वस्थ र असुरक्षित बस्तीमा खतरापूर्ण जीवन यापन गरिरहेका छन् भन्दै हिमाल-पहाडमा पहिरोमा परी अकाल मृत्यु व्यहोर्ने, मधेस-तराईमा अस्वस्थकर र डुवान क्षेत्रका बसोबासमा जाडो र गर्मी दुवैले गरिबलाई अकाल मृत्युमा पुऱ्याउने गरिरहेकाले यो स्थिति अन्त्य गर्ने उल्लेख गरेको छ। यसका लागि अरबौं लगानीका साथ सुरक्षित र स्वस्थ बस्तीहरू निर्माण गराई १५ वर्षभित्रमा सम्पूर्ण ग्रामीण विपन्न जनतालाई सुरक्षित जीवन प्रदान गर्ने योजना तत्काल अगाडि बढाउने सङ्कल्प गरेको छ।

त्यसैगरी कांग्रेसले ५.१९ नं. मा खाद्य तथा पोषण सुरक्षा शीर्षकअन्तर्गत कुनै पनि नेपाली नागरिक भोकै मर्नुहुँदैन र प्रत्येक नागरिकले न्युनतम् पोषण सुरक्षा पाउनुपर्छ भन्ने अडान राख्दै प्रत्येक नेपालीको क्रयशक्ति बढाएर आफ्नो र आफ्नो परिवारको खाद्य तथा पोषण सुरक्षा गर्न सक्षम तुल्याउन रोजगारी वृद्धि गर्ने लक्ष्य राखेको छ। तर सङ्कटमा परेका र अत्यन्त विपन्न परिवारलाई लक्षितरूपमा निःशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने पनि उसले जनाएको छ। विपन्न वर्गको खाद्य सुरक्षाको प्रत्याभूति दिने गरी खाद्य सुरक्षा अधिकार ऐन तर्जुमा गर्ने, खाद्यान्न ढुवानीको अनुदान वृद्धि गर्ने, बजेट पारित भएको एक महिनाभित्र सम्बन्धित जिल्लाको खाद्य संस्थान शाखाले अनुदान प्राप्त गरिसक्ने र दुई महिनाभित्र ढुवानीको टेन्डर भइसक्ने कानुनी प्रबन्ध गरिने अनि ढुवानी गर्ने ठेकेदारको ढिलासुस्तीको मापन गर्न सूचाङ्कको विकास गरिने पनि उसले उल्लेख गरेको छ। साथै प्रत्येक जिल्लामा कम्तिमा एउटा खाद्य भण्डार (गोदाम) व्यवस्था गर्ने, स्थानीय पौष्टिक तर अपहेलित बालीहरूमा आधारित खाद्यवस्तुको विकास र प्रबर्द्धन गर्ने कार्यक्रम ल्याइने, दुर्गम जिल्लामा खेती गरिने बालीहरूमा पौष्टिकता र उत्पादकत्व बढाएर उपयुक्त जातको बाली विकास गरिने प्रतिबद्धता पनि यो दलको छ।

७.११ नं. मा सुकुम्बासी तथा असुरक्षित आवासको समस्या शीर्षकअन्तर्गत नेपाली कांग्रेस आयआर्जन तथा सुरक्षित बसोबासको प्रबन्ध नभएका कारणले बाध्यतावस सुकुम्बासी हुनुपर्ने अवस्थाको अन्त्य गर्न चाहन्छ भनिएको छ। यसरी नै भूमिहीन, विपन्न र आर्थिक-सामाजिक वञ्चितीकरणमा परेका वर्गलाई लक्षित गरी सुरक्षित तथा स्वस्थकर आवास निर्माण र आय-आर्जनका कार्यक्रम सञ्चालन गरिने उल्लेख गर्दै कांग्रेसले बाढी वा अन्य प्रकृतिक जोखिमपूर्ण स्थानमा बसोबास गरेका परिवारलाई क्रमिकरूपमा सुरक्षित क्षेत्रमा नयाँ आवास निर्माण गरी स्थानान्तरण गरिने जनाएको छ। प्रत्येक नागरिकलाई आवासको सुविधा हुने संवैधानिक हक कार्यान्वयन गरिने र सुलभ आवासको व्यवस्था गरी सुकुम्बासीलाई बसोबासको व्यवस्था गरिने पनि कांग्रेसको घोषणापत्रमा छ।

कांग्रेसले घोषणापत्रको ७.१४ नं. मा कमैया, वादी, भूमिहीन र अति विपन्न उपेक्षित समुदाय शीर्षकअन्तर्गत रहेर गरिबीको रेखामुनि रहेका जुनसुकै जाति समुदाय भाषा क्षेत्रको भए तापनि तिनको पहिचान गरी अभिलेख राखिने जनाएको छ। उनीहरूको जीविकोपार्जनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने र सामाजिक सुरक्षाको हकअन्तर्गत नाना, छाना, माना, शिक्षा, स्वास्थ्य, रोजगारका लागि विशेष व्यवस्थासहितको प्राथमिकता रहने पनि उल्लेख गरेको छ। यसरी नै कमैया, वादी, भूमिहीन र अन्य उपेक्षित तथा सीमान्तकृत समुदायका शिक्षा समस्यालाई नेपाली कांग्रेस एक्काइसौं शताब्दीको राष्ट्रिय लज्जाको रूपमा हेर्छ भन्दै घोषणापत्रमा शिक्षामा पहुँच, रोजगारीको सुनिश्चितता, उद्यम व्यवसाय सञ्चालन गर्न वित्त, प्रविधि तथा व्यवस्थापकीय सहयोग र सामाजिक सुरक्षाको व्यवस्थाबाट यी समुदायको समस्याको समाधान सम्भव छ भन्ने विश्वासका साथ यी समस्या समाधानलाई उच्च प्राथमिकता दिई समस्याको उन्मूलन गर्नेछ भनिएको छ।

# नेकपा एमाले

विक्रम संवत् २०५१ सालमा नेकपा एमालेको अल्पमतको सरकार बनेको थियो । ९ महिनामात्र काम गर्न पाएको यो सरकारले केशव बडालको अध्यक्षतामा उच्चस्तरीय भूमि सुधार आयोग गठन गरेर भूमि प्रतिवेदन तयार गरेको थियो । त्यहीबेलादेखि बल्ल नेपाली भूमिहीन र कृषकले भोगिरहेका समस्याको आकार कति ठूलो र भयाबह रहेछ भन्ने जानकारी ठोसरूपमै सार्वजनिक भएको थियो । त्यसयता पनि एमाले अरूसँग मिलेर पटकपटक सत्तामा पुगेको छ । पछिल्लो पटक माधवकुमार नेपाल नेतृत्वको सरकारले फेरि घनेन्द्र बस्नेतको अध्यक्षतामा भूमि आयोग गठन गरेको थियो, जसको प्रतिवेदन पनि सार्वजनिक भइसकेको छ । यसरी पटकपटक भूमि अधिकारबाट वञ्चितहरूको समस्या समाधान गर्ने तदारूकता देखाएको एमालेले २०७० सालको आफ्नो चुनावी घोषणापत्रमा भने यी प्रतिबद्धता जाहेर गरेको छ :




'समृद्ध समाजको निर्माण : वैज्ञानिक भूमि सुधार तथा कृषिमा रूपान्तरण' शीर्षकअन्तर्गत नेकपा एमालेले वैज्ञानिक भूमि सुधारको माध्यमबाट जमिनमाथि किसानहरूको पहुँच सुनिश्चित गर्ने, उत्पादकत्व वृद्धि र जमिनको अधिकाधिक प्रयोगमार्फत् समृद्ध समाजको जग बसाउने, जमिनलाई उपभोगको आधारमा वर्गीकरण गरी भिन्नभिन्न प्रकारको पुर्जा वितरण गर्ने र कृषि जमिन अन्य प्रयोजनमा प्रयोग हुन नदिने जस्ता प्रतिबद्धता व्यक्त गरेको छ । त्यसैगरी अनुपस्थित जमिनदार र आफैं श्रम नगर्ने व्यक्तिलाई उचित मुआब्जा दिएर खेती गर्नेले मात्रै कृषि जमिन राख्न पाउने व्यवस्था गर्ने, कृषिको समग्र संरक्षणका लागि राज्यले बजेट विनियोजन, अनुदान, पूर्वाधार निर्माण, बीमा, मूल्य व्यवस्थापन र बजार अनुगमन कार्य गर्ने, कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि राज्यले उच्च कृषि प्रविधिको प्रयोग, उन्नत बीउ, सुधारिएको पशु नश्ल र स्वस्थकर पशु आहार विकास गर्ने, राज्यले प्रमाणीकरण गरेको बीउ/वजन तथा नश्लबाट बाली एवम् पशुपन्छी व्यवसायमा हानि भएमा राज्यले क्षतिपूर्ति दिने जस्ता नीति पनि उसले आफ्नो घोषणापत्रमा समावेश गरेको छ ।

यसैगरी उत्पादकत्व वृद्धि र राज्यसमेतको सहभागितामा वितरण प्रणाली, मूल्य नियन्त्रण र गुणस्तर नियन्त्रणको माध्यमबाट जनताको खाद्य अधिकार ग्यारेन्टी गर्ने, ग्रामीण पूर्वाधारको विकास, कृषिजन्य साना-मझौला-ठूला उद्योगहरूको प्रवर्द्धन गर्ने, कृषि बजार सूचनाको व्यवस्था गर्ने, भण्डारण र प्रशोधनका लागि सार्वजनिक गोदाम र कोल्ड स्टोरेजको व्यवस्था, बिचौलिया व्यापारीबाट हुने एकाधिकार तथा मुनाफाखोरी नियन्त्रण गर्न सहकारीलाई सामाजिक उत्तरदायित्व सहितको वितरण प्रणालीको अभिन्न अङ्ग बनाउने जस्ता धारणा पनि एमालेको घोषणापत्रमा उल्लेख छ । यसरी नै कम्तीमा तीन चौथाइ जमिनमा नियमित सिँचाइको व्यवस्था गर्ने, सतह सिँचाइ, स्यालो ट्युबवेल तथा डिप बोरिङमार्फत् भूमिगत जल उपयोग र बहुउद्देश्यीय सिँचाइ योजना लागु गर्ने, प्राकृतिक स्रोत अभाव रहेको स्थानमा थोपा सिँचाइलाई प्रभावकारी बनाउने, नदी, खोलानाला र बगरले ओगटेको हजारौं हेक्टर जमिनलाई मत्स्यपालन, जलमार्गलगायत् बहुउद्देश्यीय प्रयोजनक लागि विकास गर्ने र बहु-उद्देश्यीय वन पैदावरको समेत

प्रयोग गरी प्राङ्गारिक मल प्रयोगको बिस्तारबाट जमिनको उर्वरता बढाउने तथा मलखादमा रहेको परनिर्भरता अन्त्य गर्ने सोच पनि यो पार्टीको छ ।

'सुकुम्बासी र आवासविहीनहरूका समस्या' शीर्षकअन्तर्गत नेकपा एमालेले मुलुकमा लामो समयदेखि समाधान हुन नसकेको सुकुम्बासी समस्या अधिकार सम्पन्न सुकुम्बासी आयोगमार्फत् तत्काल समाधान गर्ने भन्दै पाँच वर्षभित्रमा ५ लाख परिवारलाई आवास सुविधा उपलब्ध गराउने र दश वर्षभित्रमा कोही पनि नागरिक आवासविहीन हुनु नपर्ने कुराको सुनिश्चितता गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । सहरी क्षेत्रमा योगदान आधारित आवास प्रणाली लागु गरेर सुकुम्बासी समस्या समाधान गर्ने र प्राकृतिक प्रकोपबाट घरबारबिहीन हुन पुगेका परिवारका लागि बसोबासको व्यवस्था राज्यले गर्ने पनि उसले उल्लेख गरेको छ ।


## एमालेका प्राथमिकता

- ✓ वैज्ञानिक भूमि सुधारको माध्यमबाट जमिनमाथि किसानहरूको पहुँच सुनिश्चित गर्ने
- ✓ जमिनलाई उपभोगको आधारमा वर्गीकरण गरी भिन्नभिन्न प्रकारको पुर्जा वितरण गर्ने
- ✓ अनुपस्थित जमिनदार र आफैँ श्रम नगर्ने व्यक्तिलाई उचित मुआब्जा दिएर खेती गर्नेले मात्रै कृषि जमिन राख्न पाउने व्यवस्था गर्ने
- ✓ जनताको खाद्य अधिकारको ग्यारेन्टी
- ✓ बिचौलिया व्यापारीबाट हुने एकाधिकार तथा मुनाफाखोरी नियन्त्रण गर्न सहकारीलाई सामाजिक उत्तरदायित्वसहितको वितरण प्रणालीको अभिन्न अङ्ग बनाउने
- ✓ मलखादमा रहेको परनिर्भरता अन्त्य गर्ने
- ✓ सुकुम्बासी समस्या अधिकार सम्पन्न सुकुम्बासी आयोगमार्फत् तत्काल समाधान गर्ने
- ✓ पाँच वर्षभित्रमा ५ लाख परिवारलाई आवास सुविधा उपलब्ध गराउने र दश वर्षभित्रमा कोही पनि नागरिक आवासविहीन हुनु नपर्ने कुराको सुनिश्चितता
- ✓ नदी, खोलानाला र बगरले ओगटेको हजारौं हेक्टर जमिनलाई संरक्षण र विकास गरी उपयोगमा ल्याइने

# मधेसी जनअधिकार फोरम

उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरमले आफ्नो घोषणापत्रमा किसानको अधिकार शीर्षकअन्तर्गत कृषकको समानता र सामाजिक न्यायको प्रत्याभूति प्रदान गर्न कृषकको भूमिमाथि पहुँचको अधिकारलाई सुनिश्चित गर्ने, उन्नत किसिमको बीउ, मल, कीटनाशक कृषि औषधी तथा औजार व्यवस्था गर्ने, खाद्य सम्प्रभुताको अधिकार प्रत्याभूत गर्ने, स्पष्ट कृषि नीति निर्माण गर्ने, उत्पादित खाद्यान्नको उचित मूल्य निर्धारण गर्ने, ठोस कृषि योजना लागु गर्ने, कृषि मजदुर, हलिया, हरूवाचरूवा, मुक्त कमैयाहरूको अधिकार सुनिश्चित गर्ने उल्लेख गरेको छ । यसैगरी जल, जङ्गल, जमिन, जैविक विविधता तथा जडीबुटीमाथि पहुँचको अधिकार सुनिश्चित गर्ने, प्रत्येक गाउँ विकास समितिमा कृषि प्राविधिकको व्यवस्था गर्ने, भूमिहीन तथा कृषि मजदुरलाई विनाधितो सहुलियत दरको कृषि ऋण व्यवस्था गर्ने प्रावधान संविधानमै व्यवस्था गरिनुपर्छ भनेको छ ।

खाद्य सुरक्षाको अधिकार शीर्षकअन्तर्गत यो दलले आफ्नो घोषणापत्रमा खाद्यान्नको अधिकारलाई सामाजिक न्यायबाट पृथक राख्न नसकिने उल्लेख गर्दै भोकमरी, अनिकाल, महामारी, खडेरी तथा विपत्तिमा समेत खाद्यान्नको अभावबाट कुनै पनि नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था नहुने कुराको सुनिश्चितता गर्ने उल्लेख छ । खाद्य सुरक्षाको प्रत्याभूतिका लागि भण्डारणको व्यवस्थापन, वितरण र संरक्षण गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गर्ने पनि घोषणापत्रमा उल्लेख छ ।




# तराई मधेस सद्भावना पार्टी नेपाल




तराई मधेस सद्भावना पार्टी नेपालले आफ्नो घोषणापत्रमा सुकुम्बासी/कमैया शीर्षकअन्तर्गत सुकुम्बासी तथा कमैयालाई राज्यद्वारा व्यवस्थापन र रोजगारीको व्यवस्था गरिने, मधेसी सुकुम्बासीको पहिचान गरी सुकुम्बासीका लागि व्यवस्था गरिने हरेक सुविधामा मधेसी सुकुम्बासीलाई समेत सहभागी गराइने उल्लेख गरेको छ ।

यसैगरी कृषि शीर्षकअन्तर्गत यो पार्टीले नदीहरूबाट नहर निर्माण गरी अधिकतम् सिँचाइको व्यवस्था गर्ने, कृषि औजारमा लाग्ने भन्सार कर छुट गर्न पहल गर्ने, यस्ता सामग्री किन्न ऋण उपलब्ध गराउने, कृषि औजार कारखाना सुचारू गर्ने, मलाखादको उपलब्धता सुनिश्चित गरिने, मल, कीटनाशक र बीउविजनमा लाग्ने कर छुट दिन पहल गर्ने, मधेसमा कृषि विश्वविद्यालय स्थापना गर्न पहल गर्ने, साना किसानलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने जस्ता विषय समावेश गरेको छ । यसैगरी यो घोषणापत्रमा कृषि उत्पादनको उचित मूल्य तोक्ने, नदी कटानमा परेका जमिनलाई पुनः खेतीयोग्य बनाइने, कृषि बाली र पशुको बिमालाई प्रबर्द्धन गरिने, एक गाउँ एक बजारको नीति ल्याइने जस्ता विषय पनि समावेश गरेको छ । भूमि सम्बन्धमा भने निर्णय गर्ने अधिकार प्रदेशको रहने यो घोषणापत्रमा जनाइएको छ ।

# तराई मधेस लोकतान्त्रिक पार्टी




महन्थ ठाकुर नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी २०६२-२०६३ को आन्दोलनपछि जन्मिएको पार्टी हो । मधेस र मधेसीको हितका लागि गठन भएको दाबी गर्ने यो पार्टी अरू दलसँग मिलेर सत्तामा समेत पुगिसकेको छ । यो पार्टीको घोषणापत्रमा भूमि र कृषि अधिकारका विषयलाई यसरी उठान गरिएको छ :

यो पार्टीले कृषि नीति शीर्षअन्तर्गत जग्गाको चक्लाबन्दी सँगसँगै हदबन्दी कार्यक्रम लागु गरी खण्डित जग्गालाई एकीकृत प्लटमा परिणत गराउने, परम्परागत कृषिलाई आधुनिकीकरण गर्ने, खाद्यान्न, दलहन, तेलहन, नगदेबाली, फलफूल खेती, प्राङ्गारिक कृषिको विकास, कृषि नर्सरी, बीउविजन, पशुपन्छी पालन, बजार व्यवस्थापन, खाद्य सुरक्षा आदितर्फ आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्ने उल्लेख छ ।


त्यसैगरी कृषकलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराइने, कर्पोरेट कृषि नीति लागु गरिने, बाली र पशु बिमाको प्रभावकारी व्यवस्था गरिने पनि यो घोषणापत्रमा उल्लेख छ । यसबाहेक कृषिजन्य मेसिनरी र औजारमा अनुदान उपलब्ध गराइने, कृषक पेन्सन योजना ल्याइने तथा पूर्व-पश्चिम लोकमार्गको दक्षिण भूभागमा कृषि उत्पादन वृद्धि गरी उत्तरी भागमा आपूर्ति गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

कमैयालाई पायक पर्ने ठाउँमा अतिशीघ्र व्यवस्थित पुनर्स्थापन गराइने, प्रतिपरिवार कम्तिमा डेढ विघा जग्गा उपलब्ध गराइ स्थायी व्यवस्थापन गरिने, कमलरीलाई स्नातक तहसम्म निःशुल्क पढाइने, निर्ब्याजी व्यावसायिक ऋण दिने जस्ता प्रतिबद्धता पनि यो घोषणापत्रले गरेको छ । त्यसैगरी भूमिहीन व्यवस्थापन शीर्षकअन्तर्गत यो पार्टीले भूमिहीनको लगत बनाइ सोहीअनुसार जग्गा उपलब्ध गराउने, कमैया, सुकुम्बासी, हलिया र भूमिहीनहरूमा भेदभाव नगरी समान दृष्टिकोण र समानताका आधारमा जग्गा वितरण गर्ने, भूमिहीनलाई व्यवस्थित बसोबास र जग्गा वितरण सम्बन्धित प्रान्तीय सरकारले आफ्नो क्षेत्रका भूमिहीनलाई आ-आफ्नो प्रान्तमा बसोबास गराउने व्यवस्था मिलाउने उल्लेख छ ।

# सद्भावना पार्टी

सद्भावना पार्टी मधेसका मुद्दा उठाउँदै आएको पुरानो पार्टी हो। खासगरी मधेसका दलहरू भूमि सुधारका कुरै पनि गर्न चाहँदैनन् भन्ने आरोप एकाथरीले लगाउँदै आएका छन्। तर मधेसकेन्द्रित दलहरू भने यो आरोप स्वीकार गर्न तयार छैनन्। उनीहरू मधेसको विषय फरक भएकाले मुलुकभर लागु हुने नीतिभन्दा यहाँ फरक ढङ्गले सोचिनुपर्ने धारणा राख्दै आएका छन्। भूमि र कृषिसँग जोडिएका विभिन्न विषयमा तराईको यही पुरानो पार्टीको धारणा वा प्रतिबद्धता यस्तो छ :

यो पार्टीले सुकम्बासी शीर्षकमा सुकम्बासीलाई आवास, पेशा, व्यवसाय तथा शिक्षा, स्वास्थ्यको व्यवस्था गरिने उल्लेख गरेको छ। त्यसैगरी भूमि उपयोग नीतिअन्तर्गत जमिनको वर्गीकरण गरिने, कृषियोग्य जमिन, बासयोग्य जमिन, औद्योगिक जमिन आदि छुट्याइने उल्लेख छ। यसका निम्ति बसोबास, कृषि उद्योग आवश्यक छ। पर्यावरणीय असन्तुलन, वन अतिक्रमण, बसाइँ सराई र सरसफाईका समस्या पनि व्यवस्थित बसोबास प्रणालीबाट हल हुनेछ भन्दै सद्भावना पार्टीले यसका निम्ति भू-उपयोगिता नक्सा बनाइने उल्लेख गरेको छ। कृषि नीति शीर्षकमा यो पार्टीले ८० प्रतिशत गाउँमा बसोबास गर्ने लगभग ७५ प्रतिशत नेपाली जनता कृषिमा आधारित छन् भन्दै कृषि क्षेत्रअन्तर्गतका सर्वोच्च हिमशिखरदेखि समथर भू-भागसम्मको जैविक, प्राकृतिक विविधतामा रहेको भौगोलिक जलवायुमा पाइने फलफूल, रूख, बिरूवा, जडिबुटी, चिया, कफी, अलैंची, तरकारी, पशुपालन, बाखापालन, कुखुरा, मौरी, च्याङ्ग्रा, भेडा, चौंरी गाई, भैंसीपालन, माछापालन, नगदेवाली र अन्य कृषिसँग सम्बन्धित क्षेत्रलाई उच्च प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गरेको छ।





पुरातन र परम्परागत प्रणालीमा रहेको कृषि क्षेत्रलाई व्यापक सुधार गरेर उत्पादन बढाउन उन्नत प्रविधि र उपयुक्त व्यवस्थापन प्रणालीद्वारा सघन खेती गरिने उल्लेख गर्दै यसलाई पूर्ण रोजगारयुक्त घरेलु उद्योगका रूपमा रूपान्तरण गर्ने, बाली विविधीकरण गर्ने र देशभर प्राङ्गारिक खेती गर्ने नीति अवलम्बन गरिने पनि सद्भावना पार्टीले जनाएको छ।

व्यवस्थित कृषि विकासको पहिलो कदम सघन खेतीका लागि चकलाबन्दी गरिने, चिया, कफी, अलैंची, जुट, कपास, टिमुर, स्याउ, अङ्गुर, अदुवा, जस्ता निर्यातयोग्य नगदेबालीलाई निर्यातयोग्य व्यवस्था गरी निर्यात शुल्क घटाइने, उत्पादन हुनेगरी निर्यातयोग्य बनाउन र गुणस्तरीय उत्पादकत्व बढाउन आवश्यक अनुदानसमेतको व्यवस्था गरिने, निर्यात राज्य संयन्त्रबाट हुने, उखु, कपास खेती र कृषि उत्पादनसँग सम्बद्ध उद्योग स्थापना गरिने, बाली चक्र-विज्ञानमा आधारित हुनुपर्ने, कृषि उत्पादन बढाउन अत्याधुनिक मल उत्पादन कारखाना खोलिने जस्ता विविध पक्ष सद्भावनाले आफ्नो घोषणापत्रमा समेटेको छ।

कृषि क्रान्तिमा अनुदानको आवश्यकता शीर्षकमा सद्भावना पार्टीले कृषि क्रान्ति आवश्यक रहेको हुँदा कम्तीमा ५० प्रतिशत कृषि क्षेत्रको उत्पादनमूलक कार्यमा विनियोजन गरिने, उत्पादन भएका वस्तुहरू राज्यले मूल्य निर्धारण गरी स्वयम् खरिद केन्द्रहरू खोली खरिद गरिने, मल, बीउ, किटनाशक औषधी, कृषि औजारलगायत् खरिदमा राज्यले ५० प्रतिशतसम्म सहुलियत दिने तथा करमुक्त गरिने योजना पनि यो पार्टीले आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ। त्यसैगरी सम्पूर्ण कृषि औजार र टेक्टर आदिमा कर नलगाउने, कृषि ऋण ४ प्रतिशत ब्याजमा उपलब्ध गराइने, ऋणमा डुबेका कृषकको ब्याज मिनाहा गरिने जस्ता प्रतिबद्धता पनि यो दलले समावेश गरेको छ। त्यसैगरी यो दलले चुरे संरक्षण शीर्षकअन्तर्गत मधेसतर्फ चुरेको पहाडबाट मधेस घाँचसम्म भू-क्षयलाई रोक्नेगरी वन लगाउन आवश्यक भएको हुँदा सो विकास गरिने पनि उल्लेख गरेको छ।

## सद्भावना पार्टीका प्राथमिकता

- ✓ भूमि उपयोग नीतिअन्तर्गत जमिनको वर्गीकरण गरिने
- ✓ कृषि क्षेत्रलाई व्यापक सुधार गरेर उत्पादन बढाउन उन्नत प्रविधि र उपयुक्त व्यवस्थापन प्रणालीद्वारा सघन खेती गरिने
- ✓ अत्याधुनिक मल उत्पादन कारखाना खोलिने
- ✓ कृषि ऋण ४ प्रतिशत ब्याजमा उपलब्ध गराइने
- ✓ मधेसतर्फ चुरेको पहाडबाट मधेस घाँचसम्म भू-क्षयलाई रोक्नेगरी वन लगाउने



# राष्ट्रिय मधेस समाजवादी पार्टी




शरतसिंह भण्डारीको अध्यक्षतामा गठित राष्ट्रिय मधेस समाजवादी पार्टीले आफ्नो घोषणापत्रमा कमैया, भूमिहीन, हलिया, दलित एवम् अल्पसङ्ख्यकलगायत् नेपाली उत्पीडित समुदायका लागि निःशुल्क आवास तथा जग्गा उपलब्ध गराइ तिनको उत्थानका लागि जीविकामुखी कार्यक्रम ल्याउने जनाएको छ । त्यसैगरी यो पार्टीले कमलरी प्रथा जस्तो गैरमानवोचित प्रथालाई समुल नष्ट गराई यस्ता प्रथाविरूद्ध कानुनी व्यवस्थाको पहल गर्ने पनि जनाएको छ ।

त्यसैगरी यो पार्टीले मधेसलाई मरूभूमीकरणबाट बचाउनका लागि चुरे वन तथा जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन एवम् विकासका लागि साझेदारी वनको अवधारणा लागु गर्ने तथा मधेसको आर्थिक रूपान्तरणका लागि चुरे जोगाउँ, मधेस बचाउँ नारा अघि सारेको छ ।

कृषि क्रान्ति र सहकारी आन्दोलन शीर्षकअन्तर्गत यो पार्टीले भनेको छ- कृषिप्रधान देश नेपालको कृषि क्षेत्र मधेस हो । विदेश गइरहेका मधेसी युवालाई आफ्नै देशमा स्वरोजगारको वातावरण उपलब्ध गराएर विदेश जानबाट रोक्न तथा गइसकेकालाई पनि फर्काउन सकिन्छ अनि उनीहरूको संलग्नतामा मधेसमा हरित क्रान्ति, श्वेत क्रान्ति तथा चुरे सम्बर्द्धन गरी यथेष्ट लाभ लिन सकिन्छ । उसले थपमा भनेको छ- कृषि, उद्योग, उत्पादन, वितरण, बचत सङ्कलन, ऋण परिचालनका लागि सहकारीलाई महत्वपूर्ण आधार बनाउनुपर्ने आवश्यकता बोध गरेको छ । 'कृषि क्षेत्रलाई राष्ट्रको अर्थतन्त्रको मेरूदण्डका रूपमा अङ्गीकार गर्दै यसको आधुनिकीकरण गरी खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना र गरिबी न्युनीकरण तथा व्यापार सन्तुलनमा कृषि क्षेत्रको योगदान बढाउने मुख्य लक्ष्यका साथ उत्पादकत्व वृद्धि गराई यस क्षेत्रको व्यवसायीकरण गर्दै जानुपर्छ'- घोषणापत्रमा भनिएको छ ।

---

## भूमि सुधारका सवाल

संविधान सभाबाट बनाइने संविधानले सबैको समस्या सम्बोधन गर्ने अपेक्षा गरिन्छ । संविधान निर्माणका लागि संविधान सभा चाहिएको कारण पनि यही हो । त्यसैले अबको संविधान बनाउने संविधान सभाले भूमि र कृषि अधिकारबाट पछाडि पारिएका वा यस्तो अधिकार खोसिएकाहरूको पक्षमा केही स्पष्ट व्यवस्था गर्छ कि गर्दैन भन्ने विषय महत्वपूर्ण छ । दलहरू जितेर गएपछि के गर्छन्, कुन नीतिअन्तर्गत चल्छन्, उनीहरूको सोच, योजना र कार्यक्रम के छ भन्ने थाहा पाउन घोषणापत्र काफी हुन्छ किनकि घोषणापत्र नै दलहरूको नीति तथा योजना र सोचको अभिलेख हो ।

खासगरी भूमि अधिकारबाट वञ्चितहरूले लामो समयदेखि जनमुखी भूमि सुधारको आवश्यकता औंल्याइरहेका छन् । जमिनको असमान वितरणले थुप्रै मानिस भूमिहीन हुन पुगेका, कमैया, कमलरी, हरूवाचरूवा जस्ता प्रथा सिर्जना भएका तथा धनी र गरिबको खाडल जति भयो उति पछि बढ्दै गएको यो आवाज उठाउनेको भनाइ छ ।

यसै प्रयोजनका लागि भन्दै विभिन्न आन्दोलनको परिणामस्वरूप केही आयोग बनेर प्रतिवेदन पनि सार्वजनिक भइसकेका छन् तर पनि कार्यान्वयन भने भएका छैनन् । यसरी हेर्दा गरिब, भूमिहीन र कृषकको पक्षमा गरिने भूमि सुधार नै मुलुकका लाखौं भूमि अधिकारपीडितले न्याय पाउने आधार बन्न सक्छ ।

तर दलहरूले चुनावी घोषणापत्रमा भूमि सुधारलाई जति महत्व दिनुपर्ने हो, त्यति दिएका पाइन्न । गरिब किसान र भूमिहीनको पक्षमा काम गर्छौं भन्दै आएको एमाओवादीले

जमिन जोत्नेको सिद्धान्तका आधारमा भूमि सुधार गरिनुपर्ने उल्लेख गरेको छ। तर उसको नेतृत्वमा यसअघि बनेका दुई सरकारले भूमिपीडितका सन्दर्भमा खासै केही गर्न नसकेको अवस्था हेर्दा ऊ पनि भूमिहीनका समस्या सम्बोधन गर्नबाट टाढिँदै गएको आभाष हुन्छ। अर्कोतर्फ सुकुम्बासीलाई महलमा राख्ने, जसको मुख्य पेशा नै कृषि छ, उसलाई त्यसबाट झिकेर अन्य रोजगारी दिलाउने जस्ता प्रावधान राखिनुले माओवादी वास्तविक भूमिहीनका समस्याबाट अन्यत्र मोडिन खोजेको हो कि भन्ने देखापर्छ।

त्यसैगरी नेपाली कांग्रेसले वैज्ञानिक भूमि सुधारका लागि भूमिको परम्परागत प्रयोगका प्रचलन, भूमि सुधार आयोगका प्रतिवेदन, बसाइँसराईको पद्धति र विज्ञ एवम् कृषकको राय सल्लाहलाई प्राथमिकतामा राखी कृषिमा भू-उपयोगको नीति अवलम्बन गरिने भन्ने त उल्लेख गरेको छ तर भूमि सुधारको खास आधार के हुन्छ भन्ने कुरामा मौन छ। अर्थात् भूमि सुधारको सवालमा यो दलको भाषा गोलमटोल देखिन्छ।

यसरी नै नेकपा एमालेले वैज्ञानिक भूमि सुधारको माध्यमबाट जमिनमाथि किसानहरूको पहुँच सुनिश्चित गर्ने उल्लेख गरेको छ। तर ऊ आफैँले बनाएका दुई दुई वटा आयोगले दिएका प्रतिवेदनको आधारमा गर्ने हो वा अरू केही आधार छन् भन्नेबारे घोषणापत्र मौन छ। कसरी गर्ने र के सिद्धान्तका आधारमा गर्ने भन्नेबारे भाषा र धारणा फरक भए पनि प्रमुख तीनै दल यो सवालमा सकारात्मक देखिनु उपलब्धिमूलक मान्नुपर्छ।

सद्भावना पार्टीले भने आफ्नो घोषणापत्रमा भूमि सुधारको विषय छुनसमेत सकेको छैन। यसबाट थाहा हुन्छ कि कृषि प्रविधि र प्रणालीमै सानोतिनो सुधार गरेर भूमिहीनका समस्या समाधान गर्न सकिन्छ भन्नेमा ऊ विश्वस्त छ। तराई मधेस सद्भावना पार्टी नेपाल, मधेसी जनअधिकार फोरम नेपाल, तराइ मधेस लोकतान्त्रिक पार्टी, राष्ट्रिय मधेस समाजवादी पार्टी जस्ता मधेसकेन्द्रित दलहरूले भूमि सुधार शब्द नै उल्लेख गरेका छैनन् भने गरेकाले पनि यसलाई कृषिका सामान्य सुधारसँग जोडेका छन्। केहीले भने यसबारे प्रदेशले निर्णय गर्छ भन्दै चूप रहने प्रयास गरेका छन्।

### सुकुम्बासी समस्या

सुकुम्बासीको मुख्य समस्या बसोबास नै हो। बसोबासपछि मात्र गरिखाने जमिन उपलब्धता प्राथमिकतामा पर्छ। प्रायः सबै दलले सुकुम्बासीलाई बास उपलब्ध गराउने घोषणा गरेका छन्। उनीहरू सबैले ठूला महल बनाएर वा कुनै क्षेत्रविशेषलाई केन्द्रित गरेर यस्ता आवास निर्माण गरिने उल्लेख गरेका छन्। तर एमाओवादी, एमाले, कांग्रेस, मधेसी दलहरू, राप्रपा जस्ता सबै दल सरकारमा सामेल भइसकेका र उनीहरूले आफ्नो पालामा सुकुम्बासी आयोग बनाएर केही सयलाई परिचयपत्र वा जमिन उपलब्ध गराउने कामबाहेक खासै केही नगरेकाले यस्ता योजना सहजै पूरा होलान् भन्ने मान्न सकिन्न। किनकि घोषणापत्रमा यस्तो आवास बन्छ नै भन्ने विश्वासिलो आधार कतै देखिन्न।

### भइरहेकालाई नै प्राथमिकता

पशुपालन, कृषिको व्यावसायिकीकरण, पकेट क्षेत्र निर्धारण, मल, बीउ आदिमा अनुदान, ढुवानी अनुदान, बिमा प्रणाली अपनाइने जस्ता विषय प्रायः सबै दलका घोषणापत्रमा उल्लेख छन्। जबकि यी सबै विषय सरकारले यसअघि नै लागु गर्दै आएको छ। यसको प्रभावकारिता वा सक्रियतामात्र कम भएको हो। तर यस्तै कार्यक्रमलाई दलहरूले के के न गरेजस्तो प्राथमिकतासाथ उल्लेख गरेका छन्। सरकारले लागु नगरेका तर गर्नुपर्नेखालका काम र सोच भने दलहरूले पनि सुझाउन सकेका छैनन् न त त्यस्ता विषयमा प्रतिबद्धता नै व्यक्त गर्न सकेका छन्। अर्कोतर्फ भू उपयोग नीतिलाई पनि सबै दलले प्राथमिकतामा राखेका छन्। जबकि यस्तो नीति पनि सरकारले लागु गरिसकेको छ। लागु भइसकेको नीति लागु गर्छौं भन्नुको के अर्थ ? यो मामलामा एमालेले एउटै फरक कुरा ल्याएको छ- उपयोगका आधारमा जमिनको फरक फरक लालपुर्जा वितरण गरिने। नत्र यसमा खासै नयाँ केही कुरा कसैले ल्याउन सकेको छैन। यस्ता विषयमा सरकारले लागु गरेका राम्रा कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख गरे पुग्थ्यो।

समग्रमा दलहरूले घोषणापत्रमा राखेका भूमि र कृषि अधिकारसम्बन्धी विषय मुलुकको वास्तविकतामा आधारित भएर भन्दा पनि मत आकर्षित गर्ने हिसावले उल्लेख भएको देखिन्छ। कुन सवाल र कहाँको विषय उठान गर्दा मतदाता खुसी हुन्छन् र आफूलाई मत दिन्छन् भन्ने विषयलाई घोषणापत्रले केन्द्रमा राखेको देखिन्छ।

त्यसैले पनि पूरा हुन सक्ने वा नसक्ने, गर्न आवश्यक वा नगरे पनि हुने जस्ता विषय खुट्याउन घोषणापत्रहरू सक्षम देखिएका छैनन्। जस्तो- सद्भावना पार्टीले मधेसतर्फ चुरेको पहाडबाट मधेस घाँचसम्म भू-क्षयलाई रोक्नेगरी वन लगाउने उल्लेख गरेको छ। यसबाट के देखिन्छ भने चुरेको संरक्षण मधेसको भू क्षय रोक्नका लागि हो। जबकि चुरेमा वर्षौंदेखि बस्दै आएकाहरूका लागि चुरेको संरक्षण अझै आवश्यक हुन जान्छ तर यो पार्टीको प्राथमिकता भने चुरेका बासिन्दा भन्दा मधेसमा जान सक्ने भू क्षयमा देखियो। यो उदाहरणबाट देखिन्छ कि घोषणापत्रहरू मत आकर्षित गर्नेखालका छन्, जनजीविका परिपूर्तिका हिसावले हैन।

## माओवादी मूलधारे राजनीतिमा आएपछि

२०६२ मङ्सिर ७ गते सात राजनीतिक दल र माओवादीबीच १२ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको थियो तर त्यसमा भूमिबारे एक शब्द पनि उल्लेख भएन। यसैगरी २०६३ जेठ १२ गते सात दल सम्मिलित नेपाल सरकार र माओवादीबीच २५ बुँदे

आचारसंहिता तयार पारियो । यसमा पनि भूमि शब्द परेन । २०६३ असार २ मा सम्पन्न ८ बुँदे समझदारीले पनि भूमि समस्याबारे केही उल्लेख गर्नु आवश्यक ठानेन् ।

●●

२०६३ कात्तिक २२ गते सात दल र माओवादी नेताहरूको बैठकले गरेका केही निर्णयमा भूमि समस्याले केही ठाउँ पायो । जसमा 'अन्तरिम संविधानका विषयवस्तुबारे' नामक शीर्षकअन्तर्गत सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्ने नीति तय गर्ने, सकुम्बासी, कमैया, हलिया, हरूवाचरूवा लगायत् आर्थिक-सामाजिकरूपले पछाडि पारिएका वर्गलाई जग्गालगायत् आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने जस्ता सवाल उल्लेख छन् ।

●●

यसैगरी २०६३ मङ्सिर ५ गते नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौतामा सामन्ती भूस्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्ने नीति लिने उल्लेख छ ।

●●

२०६३ चैत १८ मा अन्तरिम सरकार गठन गर्ने क्रममा आठ राजनीतिक दलद्वारा पारित सरकारको साझा सहमतिको न्युनतम कार्यक्रममा भनिएको छ- वैज्ञानिक भूमि सुधार र व्यवस्थापनका लागि पूर्वाधार तयार गरिनेछ । कृषि मजदुर, मुक्त कमैया र भूमिहीन सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ ।

●●

सबै राजनीतिक दलको घोषणापत्रले जमिनको न्यायिक वितरण अर्थात् जोत्नेलाई जमिन दिने कुरा प्रष्ट लेखेका छैनन् । एमाओवादीले भूमिहीन सुकुम्बासीलाई निःशुल्क जमिन उपलब्ध गराउने उल्लेख त गरेको छ तर त्यसका लागि प्राप्त गर्ने जमिनको स्रोत र क्षतिपूर्ति दिने वा नदिने बोलेको छैन ।

समग्रमा दलहरूको जमिनको वितरणमा पछि हटेका छन् भने कृषिको मुद्दामा एक पाइलो अगाडि बढेका छन् । जमिन खेती नगर्नेले राख्न पाउने वा नपाउने भन्ने विषयमा स्पष्ट बोलेका छैनन् । मुलुककै सबभन्दा कमजोर बने सुकुम्बासीको समस्यालाई आवासको अधिकार दिने कुरामा सबैको लगभग समान धारणा छन् । दुर्भाग्य- अरुको जमिन कमाउने मोहीको मुद्दामा कुनै पनि दलले एक शब्द बोलेका छैनन् । यो वास्तविक निकायको पूरापूर अपमान हो । यी सबै हेर्दा दलको घोषणापत्रमा समावेश गर्नका लागि राष्ट्रिय भूमि अधिकार मञ्चले प्रस्ताव गरेका मुद्दा र दलको घोषणापत्र विश्लेषण गर्न सक्नु भूमि अधिकारबाट बञ्चितले मत दिने एउटा आधार हुनेछ भने दल र तिनका उम्मेदवारले हिजो गरेको व्यवहार र अरुको कार्यशैलीलाई पनि आधार मानेर कम्तीमा गरीबमुखी उम्मेदवारलाई भोट दिनु कर्तव्य हुनेछ । ●

# राष्ट्रिय भूमि अधिकार मञ्चले दलको घोषणापत्रमा उल्लेख गर्न गरेको प्रस्ताव

मुलुकको आर्थिक समृद्धि तथा लोकतन्त्र स्थायित्वको आधारसँग जोडिएको भूमि सम्बन्धी सवाललाई उपयुक्त तवरबाट सम्बोधन गर्न आवश्यक छ । भूमिसुधारमार्फत् गरिबी, भोक र अन्यायलाई सम्बोधन गर्नका लागि लामो समयदेखि विभिन्न संघर्ष हुँदै आएको छ । भूमिसुधार विस्तृत शान्ति सम्झौताको मुख्य अङ्ग थियो । अन्तरिम संविधानमा पनि यसबारे प्रष्ट लेखिएको छ । तिनमा भएका प्रावधानको कार्यान्वयनका लागि राष्ट्रिय भूमि अधिकार मञ्च[1] ले पनि निरन्तर संघर्ष गर्दै आईरहेको यहाँलाई अवगत नै छ । संघर्ष पछि २०६५ र २०६६ मा दुईवटा भूमि आयोग बन्यो तर अझै भूमिसुधारको आधारभूत काम शुरु गरिएको छैन ।

सुकुम्बासीहरु बसिरहेको स्थानबाट जबर्जस्ती विस्थापन गर्ने र अरुको जग्गा विभिन्न सर्तमा जोतिरहेका मोही किसानलाई बेदखली गर्ने कार्य पनि भई नै रहेको छ ।

१. राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल भूमि अधिकारबाट बञ्चितको राष्ट्रिय सङ्गठन हो । यो सङ्गठनमा उत्पादनका साधनको अभावमा चरम गरिबी र शोषण भोगिरहेका मोही, भूमिहीन, सुकुम्बासी, हलिया, हरूवा-चरूवा, मुक्त कमैया, कमलरी, उखडापीडित, गाउँब्लकबासी, चुरेपीडित, बाढीपीडित, अव्यवस्थीत बसोबासी, दलित, आदिवासी जनजाती, अल्पसङ्ख्यक, राजी, बादीलगायत साना किसानहरू ५३ जिल्लाका २५४१ गाउँ सङ्गठनमा सङ्गठित छन् । यी सङ्गठनमा करिब २ लाख २८ हजार परिवार सङ्गठित छन् भने ८६,८९४ ले सङ्गठित सदस्यता लिएका छन् ।

२०६१ देखि निरन्तर संघर्ष गर्दै आएको यस सङ्गठनले पछिल्लो पटक २०६९ चैतमा देशका प्रमुख १० स्थानमा भूमिसभा गरी भूमिसुधारबारे आफ्ना एजेन्डा बहसमा ल्यायो ।

सभामा समयमै संविधानसभाको निर्वाचन गरिनुपर्ने, नेपाल सरकार, राजनीतिक दल र भूमि अधिकार मञ्चबीच भएका सहमतिको कार्यान्वयन गरिनुपर्ने, भूमिसुधारका सम्बन्धमा मञ्चले उठाएका मुद्दालाई दलहरुले चुनावी घोषणापत्रमा समावेश गर्नुपर्ने, मोही बेदखली, सुकुम्बासी बस्ती उठिबास रोकिनुपर्ने लगायतका विषयमा हजारौं भूमि अधिकारबाट बञ्चितको एकमत बन्यो । हामीहरू पार्टीको चुनावी घोषणापत्रमा निम्न मागहरू सम्बोधन गर्ने गरी भूमिसुधारका सम्बन्धमा प्रष्ट लेखियोस् भनि अनुरोध गर्दछौं । हामीहरू घोषणापत्र हेरेर विवेकका साथ मत दिने तयारीमा रहेको पनि विनम्रतापुर्वक अनुरोध गर्दछौं ।

(१) जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवं पुरुष किसानका पक्षमा भूमिसुधार गर्ने स्पष्ट उल्लेख गरिनुपर्दछ । यसो गर्दा खेती नगर्नेले खेतियोग्य जग्गा राख्न नपाउने व्यवस्था हुनुपर्दछ । वास्तविक जोताहाले जमिन पाउने सुनिश्चित हुनपर्दछ ।

(२) आदिम भूमिमै रहेर कृषिमा आश्रित आदिवासी जनजातीहरूको भूमिमाथिको अधिकार एवं नियन्त्रण सुनिश्चित गरिनुपर्दछ ।

(३) दलित, भूमिहीन, सुकुम्बासी, हलिया, हरूवा–चरुवा, कमैया, कमलरी, कृषिश्रमिक, सानाकिसान लगायत भूमि अधिकारबाट बञ्चितहरूलाई जमिनको अधिकार सहितको जीविका सुनिश्चित गरिनुपर्दछ ।

(४) कृषि कर्ममा संलग्न महिलाहरूको भूमिमाथिको स्वामित्व कायम गर्ने व्यवस्था गरिनुपर्दछ ।

(५) भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले भूमिमा न्यायोचित हदबन्दी लगाई (बढिमा ३ विघा) हदभन्दा माथिको जग्गामा क्षतीपूर्ती नदिने व्यवस्था हुनुपर्दछ ।

(६) छुटेका जोताहा किसानहरूलाई स्थलगत सर्जमिनका आधारमा मोहीयानी हक कायम गरी स्थलगत टोली खटाई जग्गाधनी र मोहीबीच आधा आधा स्वामित्व बाँडफाँट गरिदिने ।

(७) वास्तविक सुकुम्बासीहरूलाई आधिकारिक परिचयपत्र वितरण गर्ने । भूमिहीन किसानहरूलाई उनीहरूको जीवन निर्वाहका लागि भूमिको उपलब्धताका आधारमा घरघडेरी र करेसाबारीका लागि न्यूनतम हिमालमा १० रोपनी, पहाडमा ५ रोपनी र तराईमा ५ कट्ठा जग्गा दिने । साथै खेतीपातीका लागि स्थानीय जग्गा उपलब्धताका आधारमा बचत उत्पादन हुनेगरी कृषियोग्य भूमि उपलव्ध गराउने ।

(८) घरघडेरी वा आवास प्रयोजनका लागि र खेतीयोग्य कृषिभूमिको लागि छुट्टाछुट्टै हदबन्दी व्यवस्था हुनेगरी हदबन्दी व्यवस्था लागु गर्ने ।

(९) गुठीजग्गा सम्बन्धी व्यवस्था खारेज गरी सबै प्रकारका गुठीहरू मोही/किसानले प्रयोग गरिरहेका जग्गा उनीहरूकै नाममा परिणत गर्ने र अन्य सबै जग्गा सरकारको नाममा रैकर कायम गर्ने ।

(१०) राज्यले जग्गा वितरण गर्दा पति र पत्नी दुवैको संयुक्त स्वामित्व हुनेगरी उपलब्ध गराउने । पतिको स्वामित्वमा रहेको जग्गामा पत्नीको स्वामित्व समेत कायम गर्न २ वर्षभित्र बिनाशुल्क स्वामित्व कायम गर्ने अनिवार्य कानुनी व्यवस्था गर्ने ।

(११) उखडा जग्गा जोत्ने किसानको नाममा दर्ता गर्ने ।

(१२) विभिन्न किसिमको अन्यायपूर्ण भूसम्बन्धका कारण मर्यादीत जीवन जीउने अधिकारबाट बञ्चित हली, हलिया, गोठाला, बालीघरे, हरूवाचरुवा, कम्लरी सबै परिवारको स्वयं अधिकारबाट बञ्चितहरूका अगुवा तथा स्थानीय निकाय समेतको परिचालन गरी यकिन लगत तयार गर्ने र जीविकालाई पुग्ने भूमी उपलव्ध गराउने ।

(१३) ३ वर्षसम्म खेतीयोग्य कृषिजग्गा लगातार बाँझो राखेको पाइएमा त्यस्तो जग्गा बिना क्षतिपूर्ति राज्यले लिइ स्थानीय सहकारी मार्फत समुदायलाई सामुहिक खेती गर्न दिने । साथै सामुदायिक वन र राष्ट्रिय वनमा त्यस क्षेत्रमा रहेका भुमिमा आश्रित परिवारको आवास र जीविकाको हक सुनिश्चित गर्ने ।

(१४) कृषियोग्य भूमिको न्यायोचित वितरण र सम्पूर्ण भूमिको अधिकतम सदुपयोग र व्यवस्थापन गर्न 'राष्ट्रिय भूमि नीति' बनाई सोका आधारमा नयाँ भूमि ऐन बनाई लागु गर्ने । 'राष्ट्रिय भूउपयोग नीति' कार्यान्वयन गर्ने ।

(१५) चुरेक्षेत्रको वातावरण र पर्यावरणलाई दिगो रूपमा संरक्षण गर्न समग्र चुरेक्षेत्रको नक्साङ्कन गरी वातावरण अनुकूल हुने गरी बसोबास, कृषि उद्योग, उपयुक्त खेती र वनजंगल क्षेत्र छुट्याई उपयोगमा ल्याउने ।

(१६) स्थानीयतहमा सहजरूपले नापनक्सा, जग्गा प्रशासन र भूमि व्यवस्थापन सम्बन्धी आधारभूत सेवा/सूचनाहरू उपलब्ध गराउन भूमिसम्बन्धी कार्यालयहरूको एकीकरण गरी भौतिक, प्रविधिक र सक्षम जनशक्ति सहितको भूमि व्यवस्थापन कार्यालयका रूपमा विकास गर्ने । ●

# भूमिसुधार र कृषिक्रान्ति

## *नेपालमा ५ प्रतिशत किसान परिवार पुरै भूमिहीन छन्*



● श्याम श्रेष्ठ

यतिखेर संविधानसभाको दोस्रो चुनावका लागि प्रमुख राजनीतिक दलहरूले आ-आफ्नो घोषणापत्र सार्वजनिक गरिसकेका छन् । संविधानसभाको चुनाव संविधान निर्माणका निम्ति नै मूलतः केन्द्रित हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन । संविधानसभाको कार्यकालको पहिलो आधा त्यसैमा खर्च हुने कुराको अनुमान लगाउन गाह्रो छैन । परन्तु संविधान निर्माणको काम सकिसकेपछि यो संविधानसभा संसदमा परिणत हुने सहमति पनि राजनीतिक दलहरूबीच बनेको स्थिति छ । त्यस परिप्रेक्ष्यमा नेपालका प्रमुख राजनीतिक दलहरूले नेपालको आर्थिक विकासको एउटा मेरूदण्ड कृषि क्रान्ति र भूमिसुधार बारेमा के सोचेका छन् र के लेखेका छन् भन्ने कुरा महत्वपूर्ण हुन आउँछ ।

नेपालमा भूमिसुधार कृषि क्रान्तिको मुद्दा नेपालको सामाजिक रूपान्तरणको प्रमुख मुद्दा हो । तथापि यो राजनीतक दलद्वारा जहिले पनि उछालिएको तर सधैँ उपेक्षा गरिएको मुद्दा पनि हो । नेपालमा भूमिसुधार कृषि क्रान्तिको मुद्दा कुन कारणले पनि धेरै महत्वपूर्ण छ भने केन्द्रीय तथ्यांक विभागद्वारा हालै प्रकाशित नेपाल जीवनस्तर सर्वेक्षण २०६७/६८ अनुसार नेपालको ७६ प्रतिशत जनसंख्या कृषि पेशामा आश्रित छ अर्थात् नेपालमा हरेक चार जनामा तीन नेपालीको आयको एउटा मुख्य स्रोत कृषि हो । पछिल्लो जीवनस्तर सर्वेक्षणले के पनि देखाएको छ भने नेपालमा ५ प्रतिशत किसान परिवार पूरै भूमिहीन छन् । अरूको जग्गामा कुनै न कुनै किसिमले मोही भएर खनजोत गर्ने किसान परिवार ३२ प्रतिशत छ । कृषि क्षेत्रमा सबैभन्दा ठूलो विषमता के देखिन्छ भने नेपालमा आधा हेक्टरभन्दा कम जमीन जोतभोग गर्ने परिवार संख्या ५३ प्रतिशत छ । यो ५३ प्रतिशतसित कुल कृषियोग्य जमीनको १८ प्रतिशत हिस्सा मात्र छ भने ४ प्रतिशत ठूला किसानले २२ प्रतिशत जमीन ओगटेका छन् । नेपालमा भूस्वामित्वमा रहेको यो विषमता हटाउने उपायका रुपमा भूमिसुधार र कृषि क्रान्ति गरिएन भने नेपालमा आर्थिक विकास सम्भव छैन । यही परिप्रेक्ष्यमा नेपालका प्रमुख दलहरूले यसबारेमा के सोचेका छन् भन्ने कुरा धेरै अर्थपूर्ण छ । पाठकलाई दाँजेर हेर्न सजिलो होस् भन्नका लागि प्रमुख तीनवटा दलको भूमिसुधार सम्बन्धी कार्यसूचीलाई एकै ठाउँमा राखेर हेर्नु उपयुक्त हुनेछ ।

एकीकृत नेकपा माओवादी र नेकपा एमालेसित मात्रै कुनै न कुनै रूपमा भूमिसुधारको कार्यक्रम देखिन्छ । नेपाली कांग्रसले वैज्ञानिक भूमिसुधार कार्यक्रमको उच्चारणसम्म त गरेको छ तर त्यो कार्यक्रम अन्तर्गत के गर्ने भन्ने कुरा उसको घोषणापत्रमा केही पनि उल्लेख गरेको भेटिँदैन । उसले भूमिसुधार आयोगको प्रतिवेदन, विज्ञ र कृषकको राय मुताविक भूउपयोग गर्ने नीतिलाई नै वैज्ञानिक भूमिसुधार भनेर परिभाषित गर्न खोजेको देखिएको छ ।

नेपाली कांग्रेस त्यो दल हो जसले बीपी कोइरालाको नेतृत्वमा नेपालमा सामन्तवादको अन्तको लागि बिर्ता उन्मूलन र राजा रजौटा उन्मूलनको कार्यक्रम २०१६ सालमै ल्याएको थियो । उसित त्यतिबेला जमीन जोत्नेलाई दिलाउनको लागि भूमिसुधारको कार्यक्रम पनि थियो । तर बीपीको यो क्रान्तिकारी विराशत अहिलेको नेपाली कांग्रेसले पूरापूर छाडेको देखिन्छ । उसित अहिलेको घोषणापत्रसम्म आइपुग्दा सामन्तवादको अवशेष अन्मूलन भूमिसुधार गर्ने कुनै मूर्त र स्पष्ट कार्यक्रम भेटिँदैन ।

भूमिसुधारको कार्यक्रम भएका दुईवटा प्रमुख दलमा जमीन वास्तविक जोताहाको हातमा ल्याउने कुरामा समानता भेटिए पनि भूमिसुधारसम्बन्धी मूर्त कार्यक्रममा धेरै भिन्नता देखिन्छ ।

एकीकृत माओवादीले अहिले पनि जमीन जोत्नेको भन्ने सिद्धान्तका आधारमा सामन्ती भूस्वामित्वको अन्त्य गर्ने र क्रान्तिकारी भूमिसुधार गर्ने मनस्थितिमा देखिन्छ भने नेकपा एमले जमीन किसानको हातमा पुऱ्याउने कुरामा मात्र जोड दिन्छ । एकीकृत नेकपा माओवादी भूमिसुधार कार्यक्रम सञ्चालन गर्दा हदबन्दीभन्दा बढी जमीन बिना मुआव्जा मुक्त कमैया, हलिया, हरूवा चरूवा, सुकुम्वासी र गरीब किसानलाई बाँड्ने पक्षमा देखिन्छ भने नेकपा एमाले जमीनमा श्रम नगर्ने अनुपस्थित जमीन्दारलाई समेत मुआव्जा दिएर खेती गर्ने किसानको हातमा जमीन ल्याउने पक्षमा देखिन्छ । यस दृष्टिकोणबाट हेर्दा यी दुई थरिले गर्न खोजेको भूमिसुधारमा तात्विक अन्तर देखिन्छ तर के कुरा स्मरणीय छ भने अघिल्लो संविधानसभा २०६४ मा नेकपा एमालेले पनि आफ्नो घोषणापत्रमा मुक्त कमैया लगायत भूमिहीन सुकुम्वासी जनतालाई जमीनको मालिक बनाउने कार्यक्रम अघि सारेको थियो । त्यसमा हदबन्दीभन्दा बढी जमीनमा मुआव्जा दिने कुनै नीति उल्लेख गरिएको थिएन । यसपटकको घोषणापत्रमा मात्र एमालेले भूमिसुधार सम्बन्धी सोचमा धेरै फेरबदल गरेको हो ।

कृषियोग्य जमीन अरू कार्यमा प्रयोग हुन नदिने मामिलामा नेपाली कांग्रेस र नेकपा एमालेले लगभग समान धारणा अघि सारेका छन् । एकीकृत माओवादीको भने यस सम्बन्धमा घोषणापत्रमा कुनै मूर्त नीति उल्लेख भएको भेटिँदैन । उसले बाँझो जमीन राख्नमा बन्देज गर्ने नीति मात्र अघि सारेको छ ।

अब हामी कृषि क्रान्तिको मुद्दामा यी दल कसरी प्रस्तुत भएका छन् त्यसबारे तुलनात्मक रूपमा हेरौं ।

कृषि क्रान्तिबारेमा हरेक दलले अघि सारेको उल्लिखित कार्यक्रमलाई दाँजेर हेर्ने हो भने कृषि क्रान्तिबारे एकीकृत माओवादी र कांग्रेसको सोच ज्यादा मूर्त, उन्नत र विस्तृत देखिन्छ । ●

साभार : गारेखापत्र दैनिक, कात्तिक १०, २०७०

# असल शक्ति निर्माणको खाँचो



● विमल फुयाल

भूमि तथा कृषि अधिकार अभियानका क्रममा जे/जति परिर्वतन भएका छन् त्यसको पछाडि शक्ति र शक्ति संरचनाले मुख्य भूमिका खेलिरहेका छन् । एक सिक्काको दुई पाटा भनेझैं शक्ति संरचना र शासकीय स्वरूप उस्तै हुन्छन् । त्यसकारण शक्ति संरचनालाई कसरी बुझ्ने भन्ने कुरा महत्वपूर्ण छ । एउटा व्यक्तिको हकमा मात्र हेर्ने हो भने पनि व्यक्तिलाई स्वस्थ्य रहनका लागि उसको स्वस्थ शरीर नै शक्तिको स्रोत हो । संस्थागतरूपमा भन्ने हो भने संस्थाभित्र रहेका सबै संरचना संस्थाको शक्तिको स्वरूप हुन् ।

भूमि तथा कृषि अधिकार अभियानमा भूमि अधिकार मञ्च/सङ्गठनहरू शक्तिको स्रोत हुन् । सङ्गठनका अगुवाहरू, सङ्गठित सदस्यहरू, पीडितहरू अझ दरिला शक्तिका स्रोत हुन् । कुनै पनि व्यक्ति, समूह वा अभियानको पक्षमा जे काम गरिन्छ, त्यसका लागि चाहिने शक्तिको स्रोत के हो ? अहिले भूमि अधिकार मञ्चले जे/जति उपलब्धि हासिल गरेको छ, त्यो पनि सबै शक्तिको स्रोतहरूको उपज हो । जे उपलब्धि पाउन सकिएको छैन, त्यो शक्तिको स्रोत नपुगेकाले हो भन्ने समीक्षा गरिनुपर्छ ।

भूमि तथा कृषिमा सुधार ल्याउन पनि त्यही क्षेत्रको शक्ति संरचनामा सुधार ल्याउनु जरूरी छ । भूमि तथा कृषिमा सुधार भनेको किसानले चाहेको शक्ति संरचनामा पनि फेरबदल हुनु हो । त्यो शक्तिको स्रोतमा असल कानुन निर्माण एक हो । खराब कानुन छ भने त्यो खराबै तत्वका लागिमात्र स्रोत हुन्छ । जङ्गबहादुरको पहिलो मुलुकी ऐनमा छुवाछुत गर्नुपर्छ भनेर लेखिएकै छ । त्यो खराब कानुन भए पनि कसैका लागि अर्थात् छुवाछुत गर्नेहरूका लागि त त्यो शक्तिको स्रोत भयो तर फेरि जो पीडित छ, त्यसका लागि त त्यो खराब शक्तिको स्रोत भयो ।

यसो हुँदा आगामी आन्दोलनको रणनीति बनाउँदा क्रियाकलापबाट मात्र सुरू नगरी भूमि सुधारलाई छेक्ने शक्ति संरचनाको विश्लेषण गरिनुपर्छ । चाहे त्यो राष्ट्रिय होस् वा स्थानीय । भूमि सुधारलाई छेक्ने तत्व के-के छ र ती एक आपसमा कसरी गाँसिएका छन् विश्लेषण गर्नुपर्छ । यसमा राजनीतिक दल, कर्मचारी प्रशासन पनि हुन सक्छ । हाम्रो भूमि सुधारको बाधक भनेको अहिलेको ऐन, कानुन पर्याप्त नहुनु पनि हो । र, भएका कानुनको फितलो कार्यान्वयन (सरंचना) पनि हो ।

भूमि अधिकार मञ्चलाई पनि एउटा शक्तिको स्रोतका रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । राज्यसँग भूमि सुधारको पक्षमा वकालत गर्ने एकमात्र सङ्गठन मञ्च हो । यसमा धेरै भूमिहीन, किसान, सुकुम्बासीलगायत् सवालगत पीडित सङ्गठित छन् ।

व्यक्ति–व्यक्तिको जनसङ्गठनले राजनीतिक शक्ति बढाउँछ । नैतिक शक्ति बढाउँछ । यसकारण यिनीहरूको क्षमता वा ज्ञानशक्ति कसरी बढाउने बन्ने विषयमा रणनीतिमा नै उल्लेख हुनु जरूरी हुन्छ । कहिलेकाहीं यो आन्दोलनप्रति केही भ्रम बाहिर ल्याउन खोजिन्छ । त्यसकारण भूमि अधिकारको कुरा गर्दा यसले कसैलाई पनि हानि गर्दैन, बरू सबैको हित हुन्छ भन्ने कुरा बाहिर ल्याउन आवश्यक छ ।

राजनीतिकरूपमा शक्ति निर्माण गर्ने कुरामा पहिले भन्दा अलि अन्तर्क्रिया बढाउनुपर्छ । अहिले जति पनि

राजनीतिकरूपमा शक्ति निर्माण गर्ने कुरामा पहिले भन्दा अलि अन्तर्क्रिया बढाउनुपर्छ । अहिले जति पनि राजनीतिकरूपमा प्रभाव बढेको छ यो उपलब्धि हो तर यसलाई अझ बढाउनु आवश्यक छ ।

राजनीतिकरूपमा प्रभाव बढेको छ यो उपलब्धि हो तर यसलाई अझ बढाउनु आवश्यक छ । जब आन्दोलनको प्रभाव राजनीतिकरूपमा बढ्छ, तबमात्र उनीहरूमा तनाव बढ्छ । जति पनि राजनीतिक दल छन्, तिनीसँग व्यवस्थितरूपमा सम्बन्ध बढाउनैपर्छ ।

रूसी लेखक टल्स टाए जन्मँदा उनको घरमा ६ सय जना हरूवाचरूवा थिए । उनका बाबु ठूलो जमिनदार थिए । उनले कसैको हिंसा गर्नुहुँदैन, अरूलाई दुःख दिनुहुँदैन भन्ने उच्च शिक्षा हासिल गरेका थिए । उनको बाबुको मृत्यु भएको केही समयपछि नै उनले जस-जसले जग्गा कमाइरहेका थिए, त्यो उनीहरूलाई नै गरिखाउ भनी मुक्त गरिदिए । उनको यो कार्यबाट देशमा ठूलो प्रभाव पर्‍यो । त्यसको असर रूसका अरू जमिनदारमाथि पर्‍यो । जसले गर्दा जमिनदारहरूलाई ठूलो नैतिक सङ्कट पर्‍यो । यसपछि त्यहाँ भूमि सुधार भयो । रूसमा जमिनदार प्रथा खत्तम हुनुमा उनको भूमिका महत्वपूर्ण छ । उनको त्यो कार्यको लेनिनले समेत प्रशंसा गरेका छन् र भारतका महात्मा गान्धी पनि उनीबाटै प्रभावित थिए ।

भारतमा जयप्रकाश नारायणको अभियानमा धेरै जग्गा हुने र आफूले व्यवस्थापन गर्न नसक्नेले स्वेच्छाले छाड्न अनुरोध गरियो । यो अभियानअन्तर्गत हजारौं हेक्टर भूमि आएको थियो । व्यक्ति-व्यक्तिले जग्गा त दिए तर राज्यमा त्योखाले कानुन नहुँदा त्यो सफल हुन भने सकेन ।

भूमिको कुरा कसरी द्वन्द्वसँग जोडिएको छ । कसरी स्थानीय शक्ति संरचनासँग जोडिएको छ भन्ने कुरा पनि केलाउनुपर्छ । अनिमात्र अभियानमा निखारता आउँछ । जो भूमि अधिकारबाट वञ्चित छैन, उनीहरूमा पनि यो राष्ट्रिय मुद्दा हो, स्वतन्त्रताको मुद्दा हो भन्ने आभास दिलाउनुपर्छ । त्यस्तै नागरिक समाजमा जनमत निर्माणको कुरालाई अझ बढी महत्व दिनु आवश्यक छ ।

भूमि र कृषिमा हामीले जस्तो परिवर्तन ल्याउन खोजेका छौं, त्यसका लागि संस्कारयुक्त नेतृत्व निर्माण आवश्यक छ । आफूले कतिबेला विचार राख्ने हो, कतिबेला विकल्प दिने हो भन्ने कुरा राख्नसक्ने अगुवा निर्माण हुनुपर्छ ।

नेपाली राजनीति के/केको पक्षमा भन्दा पनि के/केको विपक्षमा भन्नेबाट प्रशिक्षित छ । कसरी विरोध गर्ने भन्ने संस्कार राणाकालदेखि नै चल्दै आएको छ । अरूको खोइरो खन्ने प्रवृत्ति मौलाउँदै गइरहेको छ । यसको विपरीत भूमि तथा कृषि आन्दोलन भनेको राम्रो पक्षमा, सुधारको पक्षमा हो भन्ने सन्देश जाने/लाने नेतृत्व निर्माण हुनुपर्छ ।

सामाजिक आन्दोलनहरू त्यतिबेलामात्र बलियो हुन्छ, जतिबेला उनीहरूको सामाजिक बिमा भएको हुन्छ । जे सम्भव हुन्छ त्यसको बिमा गर्ने संस्कार हुन आवश्यक छ । सामाजिक बिमाको विकास गर्न सक्यो भने अगुवाहरूको आत्मबल बढ्छ र यसले आन्दोलन पनि सशक्त हुन्छ । नयाँ सामाजिक पुँजी कसरी विकास गर्ने भन्ने कुरामा पनि रणनीति केन्द्रित हुनु आवश्यक छ । यो सम्भव पनि छ ।

बाँकी सामाजिक आन्दोलनसँग अन्य सामाजिक न्यायका कुरालाई कसरी गाँसेर सँगै लैजाने भन्ने पनि महत्वपूर्ण छ । पछिल्लो समयमा स्थानीय विद्यालयमा स्थानीय स्तरलाई सुहाउँदो पाठ्यक्रम बनाउन पाउने व्यवस्था सरकारले गरेको छ । ती क्षेत्रमा पनि हाम्रो आन्दोलनको प्रभाव पार्नुपर्छ । यसका लागि ती विद्यालयमा छलफल गरी उनीहरूको पाठ्यक्रममा भूमि सुधारको मुद्दा पनि समेट्न प्रयास गर्नुपर्छ । ●


*(कुराकानीमा आधारित)*

# मलेसियन भूमि

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले राष्ट्रिय भूमि नीति तर्जुमा गरिरहेको छ । भूमि नीतिको पहिलो मस्यौदा तयार भई विभिन्न सरोकारवाला समूहसँग परामर्श गर्ने कार्य भइरहेको छ । भूमि नीतिको मस्यौदालाई बलियो बनाउन बाहिरि अनुभव हासिल गर्न ५ सदस्यीय टोलीले ८–१७ साउन, २०७० मा मलेसिया तथा सिङ्गापुरको भूमि अभ्यासहरूको अध्ययन गरेको थियो । टोलीमा मन्त्रालयका उपसचिव गोपाल गिरी, नापी विभागका प्रमुख नापी अधिकृत गणेशप्रसाद भट्ट, कृषि मन्त्रालयका उपसचिव हरिबहादुर थापा तथा बर्दिया मालपोत कार्यालयका अधिकृत अमृतकुमार कर्माचार्य र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट सचिवालय संयोजक शान्तिराम भण्डारी सहभागी हुनुहुन्थ्यो ।

भ्रमण मुख्यतः भूमि व्यवस्थापन, भूमि दर्ता, संस्थागत संरचना एवम् भूमि प्रशासन जस्ता विषयवस्तुमा केन्द्रित थिए । समशितोष्ण हावापानी भएकाले मलेसियामा प्रशस्त जङ्गल छ । उक्त वन क्षेत्रलाई व्यावसायिक र संरक्षित गरी दुई भागमा वर्गीकरण गरी व्यवस्थित गरेको रहेछ । सम्झनायोग्य कुरा त त्यहाँको कुनै पनि जमिन उपयोगविहीन छैन । ठूला–ठूला फाँटमा पाल्म र रबर खेती गरिएको छ । कृषिलाई व्यावसायिक गरी पर्यटन उन्मुख गरिएको छ भने थोरै महत्व भएका ठाउँलाई पनि व्यापक प्रचार–प्रसार गरी पर्यटकीय स्थल बनाइएको छ । ठूला व्यावसायिक खेती, औद्योगिकीकरण तथा सहरीकरण जस्ता पूर्वाधारलाई देश विकासको प्रमुख आधार बनाई भविष्यमा समेत कुनै असर नपर्ने गरी व्यवस्थित गरिएको छ । जसले गर्दा भविष्यमा आइपर्न सक्ने अव्यवस्थित सहरीकरण रोक्ने प्रयास गरेको देखिन्छ ।

# अभ्यास : अध्ययन र सिकाई



● शान्तिराम भण्डारी

मलेसियाले दुई प्रकारको जग्गा दर्ता प्रणाली अवलम्बन गरेको छ । एउटा दर्ता प्रकृयाबाट र अर्को नापी दर्ता प्रकृयाबाट । यसैगरी त्यहाँको भूमि प्रशासन आधुनिक रहेको छ भने सेवा प्रणालीलाई कम्प्युटराइज्ड गरिएको छ । त्यहाँको मजबुत डाटाबेसले सेवालाई सरल एवम् प्रभावकारी बनाएको छ भने जग्गा किनबेच गर्नका लागि नोटरी पब्लिकको व्यवस्था गरिएको छ ।

त्यहाँ जग्गा/जमिनलाई व्यक्तिगत एवम् राज्यको गरी दुई प्रकारमा बाँडिएको छ । तर पनि संघीय राज्यलाई आफ्नै भू–उपयोग योजना (नीति) बनाई लागु गर्ने अधिकार छ । मलेसियामा बृहद् भूमि नीति त छैन तर पनि भूमिसँग सम्बन्धित सबै सवाललाई राष्ट्रिय भूमि कोडले सम्बोधन गर्छ । यसैगरी सुकुम्बासीलाई जग्गा वितरण गर्ने सम्पूर्ण जिम्मा भने सङ्घीय भूमि विकास प्राधिकरणले गर्छ तर यसरी वितरण गरिएको जग्गामा उनीहरूलाई उपयोगको अधिकार मात्र दिइएको छ । यस्तो जग्गा बसोबासका लागिमात्र दिइएको छ, जसलाई सामूहिक बसोबास ऐनले निर्देशित गर्छ । कमजोर आर्थिक अवस्था भएकाहरूका लागि भने राज्यले न्युनतम् मूल्य तिरी बसोबास गर्न सक्ने व्यवस्था मिलाएको रहेछ । यसैगरी छरिएका बस्तीलाई पुनः बसोबास कार्यक्रमद्वारा एकत्रित गरिएको छ । जसले गर्दा राज्यले दिने सेवा/सुविधामा सहजता आएको छ ।

मलेसियाले भूमि विकासलाई औद्योगिक, व्यावसायिक, आवास, पूर्वाधार तथा सुविधा, मनोरञ्जन क्षेत्र र मिश्रित गरी ६ समूहमा विभाजन गरेको छ । सरकार आंफैं भूमि विकासमा संलग्न रहन्छ या त यसले गैरसरकारी संस्थामार्फत् यो कार्यलाई अगाडि बढाउंन मद्दत लिन्छ । यस्ता कार्यमा सरकारले सार्वजनिक सुनुवाई, लक्षित समूह छलफल तथा विभिन्न कार्यशाला र गोष्ठीका माध्यमबाट नागरिकको पनि सहभागिता गराउँछ ।

सरकारले भूमि स्रोतहरूलाई पुनः प्रयोग गर्न सकिने र नसकिने गरी दुई भागमा वर्गीकरण गरेको छ । यसको सफल उपयोगका लागि एक उपयुक्त भू–उपयोग योजना, त्यसको सफल कार्यान्वयन, एवम् त्यसमा नियमित अनुगमन तथा नियन्त्रण कायम गरेमात्र राज्यले त्यहाँका बासिन्दाको जीवनस्तर उकासी स्थिर आर्थिक, सामाजिक तथा राजनीतिक विकास कायम गर्न सक्छ भन्नेमा सबैको जोड छ ।

अर्को महत्वपूर्ण कुरा त के छ भने त्यहाँको भूमि व्यवस्थापन योजनालाई अन्य राष्ट्रिय महत्वका योजना, जस्तै- भिजन २०२०, राष्ट्रिय विकास नीति एवम् सातौं र आठौं राष्ट्रिय योजनाले कुनै न कुनै रूपमा सम्बोधन गरेको छ । यी योजनाले पछिल्ला वर्षमा भूमि विकासलाई एउटा नयाँ आयाम दिएका छन् । मलेसिया सरकारले 'सबै क्षेत्रको दिगो विकास' भन्ने मान्यता अघि सारेको छ । देशको आर्थिक समृद्धिका लागि सरकारले भूमिको दिगो विकास एवम् व्यवस्थापनका लागि कुनै पनि कसुर बाँकी राखेको पाइँदैन ।

त्यहाँको भूमि ऐनले भूमि स्रोतको उपयुक्त प्रयोग गर्न जग्गाको स्वामित्वको मात्र कुरा नगरी जग्गाधनीका अधिकार तथा कर्तव्यसमेत उल्लेख गरेको छ । यी सबैको मार्ग निर्देशन गर्ने कार्य फेरि पनि राष्ट्रिय भूमि कोडले नै गरेको छ । यसले भूमिलाई वर्तमानमा मात्र नभएर भविष्यमा समेत उचित व्यवस्थापन गर्ने कार्यको सुनिश्चितता प्रदान गर्छ ।

मलेसियाको कृषि नीतिले कृषि कार्यका लागि उपयोग भइरहेका क्षेत्रहरू वर्गीकरण गरी उपयुक्त किसिमको खेती प्रणालीलाई प्रश्रय दिइरहेको छ भने देशले कृषिसम्बन्धी अध्ययन/अनुसन्धानलाई पनि त्यत्तिकै बढावा दिँदै आइरहेको रहेछ । यसले कृषिलाई आधुनिक एवम् व्यवस्थित गरी कृषि विकासमा नयाँ सम्भावनाहरू पहिचान गर्ने कार्यसमेत अगाडि बढाएको छ ।

त्यहाँका सरकारी कार्यालयको काम गर्ने शैली, कार्यस्थलमा कार्यरत् कर्मचारीको सौम्यता एवम् शिष्टता, काम गर्ने वातावरण देख्दा जो कसैले पनि आफ्नो देशका कार्यालयमा पनि त्यस्तै होस् भन्ने चाहना राख्नु स्वाभाविक हुन आउँछ । यसका अलावा भूमि प्रशासनमा कार्य गर्ने निकायको इमानदारिता, पारदर्शिता एवम् देश विकास गर्नुपर्छ भन्ने दृढ इच्छाशक्तिका कारण सुशासनमात्र होइन, साँच्चिकै मलेसियाले भू–उपयोगका माध्यमले विकासको छलाङ मारेको देखिन्छ ।

नेपालले भूमि नीति तर्जुमा गरिरहेको यो घडीमा मलेसियामा भएका भूमिसम्बन्धी अभ्यासका असल प्रावधानलाई हाम्रो देशमा पनि लागु गर्न सकिन्छ वा गर्नुपर्छ भन्नेमात्र नभई भूमिको वैज्ञानिक उपयोग तथा व्यवस्थापन गर्ने एवम् सेवालाई पारदर्शी र न्यायमुखी बनाउने कुरामा ध्यान दिनु जरूरी छ । यसो भयो भने भूमिसम्बन्धी प्रायः सवाल समाधान भई हामीले पनि भू–उपयोगका माध्यमले देश विकासमा छलाङ मार्न सक्छौं । ●

# सामुदायिक स्रोतको उपयोग



● जगत देउजा

खेतीको सिजन ज्यालाबनी गर्थ्यौं । छोराछोरी अरूकोमा चरूवा बस्थे । श्रीमान् दिल्ली पञ्जाब मजदुरी गर्न जान्थे । खान मुस्किल थियो । २०६६ वैशाखमा भूमि मञ्चमा सङ्गठित भयौं । मञ्चको बैठकमा मडाहा खोलाले छाडेको बाँझो जग्गा उपयोग गर्ने विषय उठ्यो । दल र गाविसको प्रतिनिधिसहितको छलफलपछि ७ विघा बाँझो नदी उकास जग्गामा ३९ मुसहर परिवारले खेती गर्न थाल्यौं । ३ महिनामै बाँझो जग्गामा अन्न र तरकारी फल्न थाल्यो । आफैंले उब्जाएको खान पायौं । पञ्जाब गएका श्रीमान् घर फर्के । बच्चाहरू चरूवाई छाडेर पढ्न गए । मेरो भागको ४ कट्ठा १० धुर जग्गामा लौका, फर्सी, भिन्डी, सिमी, वल, करेला, बोडी, झिमनी र परवल लगाएँ । त्यसबाट मात्र ६२ हजार आम्दानी भयो ।

गाउँकै छलफलमा भेटिएकी महोत्तरी लक्ष्मीनियाँकी राजदेवी मुसहर यति हुँदा पनि खुसी छैनन् । कारण- उनी जस्तै अर्को गाउँका गरिबको हालत उस्तै छ । जो उनले केही अघिसम्म व्यहोरेकी थिइन् । भन्छिन्- हामीलाई खान पुगेर भएन । हामीसँगै आन्दोलनमा लागेका अर्को टोलकाले पनि जमिन पाउनुपर्‍यो । खोलामा सामान्य बाँध बाँध्न सके हामीभन्दा माथिको जमिन दिन सकिन्छ । त्यसपछि मात्र खुसी लाग्छ ।

माथिको उदाहरण सामान्य लागे पनि अर्थपूर्ण छ । गाउँमै जमिन खेर गएको थियो । गरिब परिवारले उत्पादन गर्न थाले । यसले उनीहरूको जीविका सहज बनायो । साथै यसबाट देशलाई पनि फाइदा पुगेको छ । सधैं मजदुरीका लागि बाहिरिने श्रीमान् घर फर्किएका छन् । योभन्दा पनि महत्वपूर्ण छ उनको चेतना र सहयोगी भावना । आफूलाई मात्र हैन । अरूलाई पनि खान पुग्ने बनाउने विचार र साथमा विकल्प पनि छ ।

ग्रामीण अर्थतन्त्रको जग जमिन, पानी, पोखरी र वनजङ्गल हुन् । यस्ता स्रोतलाई न्यायिक वितरणका साथै उत्पादनशील बनाउन सके उत्पादन बढ्न गई ग्रामीण अर्थतन्त्र अलिकति भए पनि मजबुत हुन जान्छ । देशभर सार्वजनिक/सामुदायिक जग्गा, पानी, पोखरी र वनसमेतको उचित प्रयोग हुन सकेको छैन । यस्तो बहुमूल्य स्रोतको प्रभावकारी उपयोगतर्फ पर्याप्त ध्यान पुगेको छैन । भएका स्रोतको उचित उपयोग भन्दा पनि बाहिरी स्रोत लगेर खन्याउने कार्यले प्राथमिकता पाएको छ । जुन कहिल्यै दिगो हुन सक्दैन । देशभर यस्तो स्रोत कति छ भन्ने विषयमा यथार्थ लगत नभए पनि ५ वर्षअघि कपिलवस्तु, रूपन्देही र नवलपरासीमा गरिएको एक अध्ययनले ती जिल्लामा ८४ हजार ७ सय ९५ विघा जमिन उपयोग गर्न सकिने देखिएको थियो । जहाँ गरिबको रेखामुनी रहेका परिवार ८८ हजार ३ सय ७७ परिवार छन् ।

यस्ता सार्वजनिक र सामुदायिक स्रोतका महत्वपूर्ण मुद्दामा दलका स्थानीय सङ्गठन र नेतृत्वले, स्थानीय सरकारले आफ्नो अवधारणा बनाएकै छैनन् । सामुदायिक सार्वजनिक सम्पत्तिमा पनि बनेका विषयमा धेरथोर कुरा उठे पनि सार्वजनिक जग्गा र पोखरीबारे सार्थक बहसको सुरूवात् नै भएको छैन । यी स्रोतहरू कमजोरले प्रयोग

> खाली जमिन, वन (सामुदायिकबाहेक) र पोखरीहरु मूलतः निजी क्षेत्र र ठालुहरुको कब्जामा छ । कब्जामा नभएको जति उपयोगविहीन अवस्थामा छ । यसले स्रोतको संरक्षण र व्यवस्थापनमा पार्ने अप्ठ्यारो त छँदैछ, त्योभन्दा अझ फरक अन्याय टिकाउन काम गरेको छ । अब समाजका अन्याय भत्काउन सुरु गर्ने हो भने पनि यस्तो स्रोतलाई सामुदायिकीकरणमा लैजानुपर्छ ।

गर्न पाउने गरी कुनै पद्धति बसालिएको छैन । बाहिरी स्रोत लिन जति समय र ऊर्जा खर्चिएको छ । त्यति नै मेहनत गर्ने हो भने त्यसभन्दा कैयन् स्रोत ती सार्वजनिक र सामुदायिक स्रोत उपयोग गरेर उत्पादन गर्न सकिन्छ ।

खाली जमिन, वन (सामुदायिकबाहेक) र पोखरीहरू मूलतः निजी क्षेत्र र ठालुहरूको कब्जामा छ । कब्जामा नभएको जति उपयोगविहीन अवस्थामा छ । यसले स्रोतको संरक्षण र व्यवस्थापनमा पार्ने अप्ठ्यारो त छँदैछ, त्योभन्दा अझ फरक अन्याय टिकाउन काम गरेको छ । अब समाजका अन्याय भत्काउन सुरू गर्ने हो भने पनि यस्तो स्रोतलाई सामुदायिकीकरणमा लैजानुपर्छ । राज्यको सम्पत्ति सीमित ठालुहरूको मात्र निजी हुन सक्दैन । अहिले समुदायभन्दा नीति नियम बलियो बनाइएको छ र नीति नियम नै सामुदायिक सक्रियताको अवरोध बनेको छ । आफ्नो जग्गाको उपयोग के/कसरी गर्ने भन्ने लगाम सिंहदरबारमा छ । राजोदेवीहरू त्यही खोलाछेउको जग्गा पनि खोसिने हो कि भन्ने त्रासमा छन् । खेती गरिरहेको जग्गामा नदी नपसोस् भनेर सहयोग गर्न सरकार पुगेको छैन ।

आफ्नो गाउँको स्रोतको उपयोगको अधिकार एउटा सरल विधि बनाएर समुदाय र स्थानीय निकायलाई नै छोड्नुपर्छ । प्राकृतिक स्रोत व्यवस्थापन भनेको केही प्राविधिक व्यवस्थापन पनि हो । पोखरी व्यवस्थापनको जिम्मा समुदायमा गयो भने माछा पालनसम्बन्धी प्राविधिक ज्ञानहरू समुदायले बिस्तारै सिक्नुपर्ने बाध्यता हुन्छ अथवा ठाउँ हुन्छ । खाली जग्गाको उपयोग गर्न थाले भने कृषि र पशुपालनको ज्ञान बढ्दै जान्छ । यही खाली ठाउँबाट समुदायका इच्छुक व्यक्तिले आफ्ना क्षमता विकासको अवसर पाउँछन् ।

बिस्तारै-बिस्तारै प्राविधिक र सामाजिक जनशक्ति विकास हुँदै जान्छ । यो क्रम भनेको केवल प्रविधिका ढाँचाभित्र नभएर नयाँ नेतृत्व निस्कने एउटा अवसर पनि हुन्छ । यसबाट स्थानीय समुदायले आफ्नो ज्ञान बुद्धि प्रयोग गर्ने मौका पाउँछन् । अहिले समुदायका ज्ञान र सोच ओझेलमा पारिएका छन् ।

खेर गइरहेका स्रोत उपयोगका लागि प्रत्येक गाविस र नगरपालिकाले आफ्नो क्षेत्रभित्र भएका यस्ता सार्वजनिक सम्पत्तिहरूको नक्शाङ्कनसहित राम्रो लगत बनाउन जरूरी छ । यसका लागि स्थानीय निकायले यसमा अनुभव भएका अन्य समूहसँग पनि सहयोग लिन सक्छन् । यसरी स्रोतको लगत लिइसकेपछि स्थानीय जनसङ्गठन र गैससको सहयोगले गाविसको नेतृत्वमा खाद्य सुरक्षाको स्थिति विश्लेषण गरिनु उपयुक्त हुन्छ ।

आफ्नो गाविसमा खाद्य सङ्कट भोगिरहेका समुदाय को हुन ?, कति छन् ?, कुन जातका छन् ? जस्ता तथ्याङ्क आवधिकरूपमा गाविसले परिमार्जन गरी राख्ने परिपाटी व्यवस्थित बनाउन जरूरी हुन्छ । यसरी प्रत्येक स्रोतका वरिपरि खाद्य सङ्कटको भुमरीमा परेका व्यक्ति र समुदायको विश्लेषण गरिसकेपछि निश्चित स्रोतमा आधारित व्यवस्थापन समूहहरू गठन गरी उपयोगको योजना र सीप बढाई स्रोत हस्तान्तरण गर्नुपर्छ । कार्ययोजना बनाउँदा संरक्षण व्यवस्थापन र उपयोगको दुवै पाटो समेट्न जरूरी छ । जहाँ खाद्य सुरक्षाको दृष्टिकोणलाई छुटाउनुहुँदैन ।

उजाड जमिनमा रूख र पोखरीको संरक्षणले खाद्य सुरक्षा र गरिबको जीविकामा मात्र हैन, त्यहाँको हावापानीमा पनि सकारात्मक असर पर्छ । नदी उकासमा रहेका खाद्य बाली उत्पादन हुन नसक्ने क्षेत्रमा बोट बिरूवा लगाउन सके नदी कटान रोक्न त सहयोग पुग्छ नै, त्यही मरूभूमि जस्तो लाग्ने सुख्खा जग्गाबाट लाखौंको आम्दानी समुदायले गर्न सक्छन् । वास्तविक गरिब पहिचान गरी निश्चित र सहज नियमअनुसार सामूहिक खेतीका लागि गरिबलाई जग्गा दिनुका अरू पनि फाइदा छन् । यसले व्यक्तिगत अतिक्रमणबाट जग्गा जोगिने छ । सामूहिकताको संस्कार बढ्छ । स्रोतका आधारमा गरिने शोषण र अन्याय कम हुन्छ । स्थानीय निकायसँग मिलेर काम गर्नुपर्ने भएकाले ती निकायमा उनीहरूको पहुँच बढ्छ । यो गरिबी निवारणको दिगो आधार पनि बन्छ ।

यसका लागि अहिले विद्यमान कानुन तथा नीति गोलमोटल छन् । गाविसले दिने सामान्य अनुमतिले गरिबले पूर्ण सुरक्षा अनुभूत गर्न सकेका छैनन् । अत्यन्तै कष्ठ उठाएर खेतीयोग्य बनाएपछि स-साना कारणले जग्गा खोसिएला कि भन्ने डर उनीहरूमा छ । साथै जग्गा विकासमा लगानी गर्न स्रोत पनि जरूरी छ । खासगरी तटबन्द र सिँचाईका लागि बढी स्रोत चाहिने हुन्छ । तसर्थ सार्वजनिक तथा सरकारी जग्गा, पोखरीको प्रयोगसम्बन्धी छुट्टै नीति तयार पारी स्थानीय निकायलाई यस्तो कामको जिम्मा दिएमा यो काम असम्भव छैन । सधैं अरूका अगाडि हात पसार्नुभन्दा आफ्नै खेर गइरहेको स्रोत प्रयोग गर्नेतर्फ गरिबी निवारण कोष, राष्ट्रिय योजना आयोग तथा स्थानीय विकास, भूमि सुधार, वन मन्त्रालयले संयुक्तरूपमा बसेर उचित कदम उठाउन ढिला भइसकेको छ ।

सामुदायिक सार्वजनिक सम्पत्तिमा पनि बनेका विषयमा धेरथोर कुरा उठे पनि सार्वजनिक जग्गा र पोखरीबारे सार्थक बहसको सुरूवात् नै भएको छैन । यी स्रोतहरु कमजोरले प्रयोग गर्न पाउने गरी कुनै पद्धति बसालिएको छैन । बाहिरी स्रोत लिन जति समय र ऊर्जा खर्चिएको छ । त्यति नै मेहनत गर्ने हो भने त्यसभन्दा कैयन् स्रोत ती सार्वजनिक र सामुदायिक स्रोत उपयोग गरेर उत्पादन गर्न सकिन्छ

# कृषिको बजेटमा
# किसानको चासो



● सीता भुजेल

हामी सङ्गठितरूपमा कृषि कार्यमा लागेका कारण गाविसको बजेट सजिलैसँग लिई कार्यक्रम सञ्चालन गर्न सक्यौँ । यसका लागि हामीलाई पनि सङ्घर्ष गर्न नपरेको भने होइन । तर यस्तो कार्यक्रम अन्य गाविसमा भने अझै कार्यान्वयनमा आउन सकेको छैन । यसका लागि सम्बन्धित गाविसका सबै किसान सङ्गठित भई अगाडि बढ्न आवश्यक छ ।

ग्रामीण भेगका किसानको कृषि पेशामा सुधार ल्याउन सरकारले हरेक गाविसमा दिने बजेटमा १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्न तोकेको छ । तर त्यो रकम वास्तविकरूपमा कृषि पेशामा लागेका किसानसम्म पुग्न सकेको छैन । सिन्धुपाल्चोक राम्चेका किसानहरू २०६६ सालदेखि नै केही फरक तरिकाले खेती गर्ने अभ्यास गरिरहेका छौं । ग्रामीण विकास समाजले तरकारी खेती, फलफूल खेती व्यवस्थापनको तालिम सञ्चालन गरेपछि घरघरमा पिसाब सङ्कलन, गिती मल, चिया मल, पञ्चामृत मल प्रयोग गरी जैविक तरकारी खेती सुरू गरिएको छ । व्यावसायिक फलफूल खेती गर्ने योजना बनाई फलफूलको बिरूवा लगाइयो । बाखाको खोर व्यवस्थित गरियो । हामीलाई धेरथोर कृषि सेवा केन्द्रले पनि सहयोग गरिरहेको थियो ।

२०६८ चैत २१ गते सबै राम्चेली किसान भेला भयौं । भेलामा गाविस निर्देशिका पढेर छलफल गरियो । त्यस छलफबाट गाविसमा आउने बजेटको १५ प्रतिशत बजेट कृषि कार्यमा मात्र खर्च गर्न पाइने कुरा अझै प्रष्ट भयो । भेलाबाट कृषिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जिम्मा दिँदै राम्चे गाउँ कृषि मञ्च सङ्गठन बनाइयो । सङ्गठनले गरेको कार्यक्रमलाई गाउँ विकास समितिले अनुगमन गर्ने भयो । सङ्गठनको निर्णयअनुसार हाम्रो भूमि सिकाई केन्द्रहरू, सामुदायिक संस्थाहरूको छलफलमा गएर कृषि योजनाको काम सञ्चालन गरियो ।

योजनाअनुसारका कार्यक्रम सकिएपछि २०६९ माघ ७ गते राम्चेमा काम गरिरहेका सामाजिक संस्था, गाविस, राजनीतिक दल, सबै किसान भेला भई समग्र कार्यक्रमको समीक्षा गरी खर्च गरेको बजेटसहित कार्यक्रमको उपलब्धि सुनाइयो ।

त्यस भेलाले आगामी वर्षको कार्यक्रम गर्न पनि त्यही सङ्गठनलाई दिने निर्णय गरी जिम्मा दिइएको थियो । हाम्रो सङ्गठनले अघिल्लो वर्ष जस्तै बैठकमा छलफल गरी बितेको दिन र भविष्य पनि सम्झँदै काम सुरू गर्‍यौं । सामुदायिक भूमि सुधार अभ्यासको कार्यक्रम सफल बनाउनका लागि कृषि सहकारी पनि बनाउने निधो गर्‍यौं । त्यसबाट कृषकहरूको भेलामा गुन्द्रुक गाउँ कृषि सहकारी गठन गर्‍यौं । यही सहकारीमा ४८ सदस्य सङ्गठित छौं । सामुदायिक भूमि सुधार अभ्यासको कार्यक्रम पनि कृषि सहकारीमार्फत् सञ्चालन भइरहेको छ ।

हामी सङ्गठितरूपमा कृषि कार्यमा लागेका कारण गाविसको बजेट सजिलैसँग लिई कार्यक्रम सञ्चालन गर्न सक्यौं । यसका लागि हामीलाई पनि सङ्घर्ष गर्न नपरेको भने होइन । तर यस्तो कार्यक्रम अन्य गाविसमा भने अझै कार्यान्वयनमा आउन सकेको छैन । यसका लागि सम्बन्धित गाविसका सबै किसान सङ्गठित भई अगाडि बढ्न आवश्यक छ । र, आफूले गर्ने कामको स्पष्ट योजना, कार्यक्रम भइसकेपछि त्यसको खर्च र उपलब्धि सबैलाई सुनाउन पनि आवश्यक हुन्छ । यसले सबैमा विश्वास सृजना गर्छ । सबै ठाउँबाट किसान एकजुट भएर कृषि बजेटका लागि दाबी गर्न सुरू गर्नुपर्छ । ●



# मुक्ति खै ?

**–दर्शन मण्डल,** अध्यक्ष, हरूवा-चरूवा अधिकार मञ्च

सप्तरीस्थित हरिपुर-६ बसानपट्टीका दर्शन मण्डल (४५ वर्षीय) हरूवा हुन् । उनी अहिले हरूवा-चरूवा जस्तो जमिनदारी बन्धनको प्रथाबाट हजारौंलाई मुक्त गराउनुपर्छ भन्ने अभियानको अगुवाई गरिरहेका छन् । यसै सरोफेरोमा गरिएको कुराकानीको केही अंश :

***हरूवा-चरूवा कस्तो प्रथा हो ?***

मधेसमा जमिनदारको जमिन जोतखन गर्नेलाई हरूवा र जमिनदारको गाईवस्तु चराउने, घाँसपात गर्ने, उनीहरूको बालबच्चाको हेरचाह गर्ने, घर वरिपरि सफासुग्घर गर्ने काम गर्नेलाई चरूवा भनिन्छ ।

***किन राख्छन् हरूवा-चरूवा ?***

जमिन नभएकालाई सधैं काममा लगाउन जमिनदारले रचेको चाल हो । जुन पछि प्रथाको रूपमा विकसित भयो । जमिनदारसँग जमिन छ । गरिबहरूसँग जमिन छैन । जमिन हुनेले जमिन नहुनेलाई जता चाह्यो त्यतै नचाउन सक्छन् । उनीहरूसँग धेरै खेतीयोग्य जमिन छ, पाखा/पखेरा छन् र जङ्गल पनि उनीहरूसँगै छ । धेरै गाईबस्तु पनि उनीहरूसँग छ । उनीहरू काम गर्दैनन् । हामीलाई बधुँवा मजदुरको रूपमा राख्छन् ।

***कहिलेदेखि हरूवा बस्नुभयो ?***

मलाई राम्रोसँग थाहा नहुँदै चरूवा राखियो । जुन बेला म ७/८ वर्षको थिएँ । दश वर्षसम्म चरूवा बसेपछि सुरू भएको मेरो हरूवाको काम अहिलेसम्म पनि जारी छ । अहिलेसम्म ४ जमिनदारको घरमा मैले हरूवा-चरूवाको जीवन बिताएको छु । राजेन्द्रप्रसादकोमा म पञ्चायतकालदेखि नै हरूवा (हली) बस्दै आएको छु ।

***जमिनदारले कस्तो व्यवहार गर्छ ?***

पहिले पहिले त धेरै खराब र नराम्रो व्यवहार गर्थे तर अहिले आफ्नो इज्जत जोगाउनै भए पनि होला नराम्रो व्यवहार गरेका छैनन् । पहिलेका जमिनदारले त छुवाछुत गर्थे, खाना पनि राम्रो दिँदैन थिए । अरू त के भात खाने थाल पनि फरक थियो तर अहिलेका साहूले म हरूवा-चरूवा मुक्तिको आन्दोलनमा लागेको छु भनी थाहा पाएकाले होला, नराम्रो व्यवहार गर्दैनन् । तर मेरो मात्र कुरा गरेर हुँदैन । म जस्तै अरू हरूवा-चरूवालाई समाजमा नराम्रो व्यवहार गर्छन्, उनीहरूलाई शोषित गर्छन् ।

***दैनिक ज्याला कति पाउनुहुन्छ ?***

अघिल्लो वर्षसम्म १० के.जी. धान दिन्थे तर यस वर्षदेखि भने बढाएर १४ के.जी. पुऱ्याएका छन् । एक के.जी. धानको २० रूपियाँ पर्छ । त्यही ज्यालावापत आएको धान बेची नून तेल खर्च टर्छ भने दैनिक खाना पनि त्यसैबाट चलाउने गरेका छौं ।

***घर आफ्नै जग्गामा छ कि अरूको ?***

कहाँ आफ्नो जग्गामा हुनु ? हरूवा-चरूवाको कसैको पनि आफ्नो जमिन छैन । गाउँ ब्लकको ७ धुर जग्गामा फुसले छाएको सानो झुपडी छ । अरूको हेरी त त्यसलाई के घर भन्नु तर हाम्रा लागि त सबथोक त्यही हो । त्यो पनि ऐलानी जग्गा हो । जसको हामीसँग कुनै स्वामित्व छैन ।

***छोराछोरी के गर्छन् ?***

छोराछोरीले हामीले जस्तो दु:ख नपाउन् भन्ने कामना छ । उनीहरू विद्यालय जान थालेका छन् तर कहिलेकाहीँ यति धेरै समस्या पर्छ कि उनीहरूलाई कापी कलम किन्ने दिने पैसासमेत हुँदैन् । त्यसका लागि जमिनदारसँग ऋणै लिएर भए पनि कापी कलम पुऱ्याइदिने गरेको छु । सायद उनीहरूले पढे भने हामीले जस्तो जमिनदारको घरमा बँधुवा भएर बस्नुपर्दैन होला ।

***हरूवा-चरूवा मञ्चमा कहिले सङ्गठित हुन थालियो ?***

भूमि अधिकार मञ्चका साथीहरूले हामीलाई हाम्रो अधिकारबारे धेरै कुरा बुझाउनुभयो । हरूवा-चरूवाको समस्याका धेरै कुरा मिडियाले पनि बाहिर ल्याइदिए । पत्रकारहरू गाउँगाउँमा गएर हाम्रो समस्याबारे धेरै कुरा सोध्न थाले । हामीलाई अन्यायमा पारिएको कुरा उनीहरूले पनि महसुस गराउन सहयोग गरे । हामी हरूवा-चरूवा अधिकार मञ्च गठन गरी २०६२ बाट सङ्गठित भएका हौं । सङ्गठित भएपछि धेरै कुरा थाहा भयो । जमिनदारबाट धेरै नै शोषित भएका रहेछौं । अन्यायमा परेका रहेछौं भन्ने महसुस भयो । हरूवा-चरूवाको अधिकार र मुक्तिका लागि हामीले प्रधानमन्त्रीदेखि लिएर, ठूला राजनीतिक दलका प्रमुख नेतासँग भेटी माग राखेका छौं । भूमि अधिकार मञ्चको अगुवाईमा धेरै ठाउँमा आन्दोलन गरियो । राजनीति र सरकारी तवरमा पनि आन्दोलनको प्रभाव पर्न थालेको छ ।

***हरूवा-चरूवाका माग के-के छन् ?***


हरूवा-चरूवा जमिनदारको बन्धनबाट मुक्ति चाहन्छन् । सुरक्षितरूपमा बस्ने ठाउँ र जीविकाका लागि खेती चाहिन्छ । सबै हरूवा-चरूवाका बालबालिकाले पढ्ने अवसर पाउनुपऱ्यो जुन नि:शुल्क हुनुपऱ्यो भन्ने मुख्य माग छन् । योग्यता र क्षमताअनुसारको रोजगारी (काम) दिनुपऱ्यो भन्ने हाम्रो अर्को माग छ ।

***अबको योजना के छ ?***

हाम्रो शान्तिपूर्ण आन्दोलन र माग सरकारले सुनेन । भर्खर पनि भूमि सुधार मन्त्री र अर्थ मन्त्रीका सल्लाहकारलाई भेटी मागपत्र बुझाएका छौं । उहाँहरूबाट पनि सकारात्मक आश्वासन पाएका छौं । अर्कोतर्फ हरूवा-चरूवाको अधिकारका लागि राष्ट्रिय मानव अधिकार आयोगमा पनि उजुरी दर्ता गरेका छौं । अब सशक्त आन्दोलन चर्काउने छौं । जबसम्म हरूवा-चरूवाको माग सुनुवाई हुँदैन, स्थानीय सरकारी कार्यालयदेखि देशका मुख्य प्रशासनिक निकायसम्म धर्ना गर्छौं । आन्दोलन चर्काएर भए पनि अधिकार लिएरै छाड्ने अठोटमा छौं । ●

# अकल्पनीय जीवन कहानी

जीवनको १८ वर्ष जमिनदारको घरमा कमलरी जीवन बिताएकी शान्ता चौधरीले उक्त अवधिमा सात जमिनदारको घरमा काम गर्नुपर्‍यो । धेरै आन्दोलनपछि कमलरी/कमैया मुक्ति घोषणा त भयो तर विकल्पविना यस्तो घोषणा भएकाले त्यसपछि पनि आफू र परिवारको जीविकाका लागि पुनः ६ वर्ष कमलरीकै रूपमा काम गर्नुपर्‍यो उनले । कमलरी बसेको अवधिमा यति दुःख पाइन् जुन बताएर साध्यै छैन । उनै कमलरी शान्ता सभासद् भइन् । त्यसपछि भने उनको जीवनले पूरै छलाङ मार्‍यो । शान्ता चौधरीद्वारा लिखित ‘कमलरीदेखि सभासद्सम्म’ नामक पुस्तकमा यस्ता धेरै कहानी छन् जुन सुन्दै पनि अकल्पनीय लाग्छ ।




कमलरी मुक्तिको आन्दोलनबाट सुरू भएको शान्ताको सङ्घर्षको बाटो भूमि अधिकार आन्दोलन हुँदै राजनीतिक मार्गमा जोडिन पुग्यो । जसले उनलाई सफलमात्र बनाएन कि मुलुककै संविधान बनाउने ठाउँसम्म पुर्‍यायो । त्यो पनि प्राकृतिक स्रोत साधन समितिको सभापति जस्तो महत्वपूर्ण पदसहित । दाङ, मध्यपश्चिमाञ्चल विकास क्षेत्रको विकसित एवम् सुगम जिल्लामा जन्मेकी भए पनि शान्ताको जीवनले कहिल्यै सुगमता र सुखानुभूत गर्न पाएन । यस्तै दुःख र वेदनाका वास्तविकता पढ्दा जो कोहीको आँखामा पनि आँसु नआइरहन सक्दैन ।

घरको पारिवारिक अवस्था अत्यन्तै नाजुक थियो । बिहान बेलुकाको छाक टार्नका लागि उनको परिवारलाई निकै कठिन थियो । ६ दिदीबहिनीमध्येकी एक शान्ताले पनि अरूजस्तै कमलरी बस्नुपर्ने बाध्यात्मक स्थिति आइपरेको थियो । जुन बेला उनलाई कमलरी बस्दा गर्नुपर्ने कामबारे समेत थाहा थिएन ।

भर्खरै हुर्कँदो उमेर, विद्यालयमा कखरा सिक्नुपर्ने उमेरमा शान्ताको जीवन जमिनदारको घरमा कमलरीका रूपमा बित्यो । जीवनको लामो समय शान्ताले कमलरीको रूपमा बिताइन् । उनले पुस्तकमा पहिलो पटक कमलरी बस्न जाने दिनको सम्झना गर्दै लेखेका छिन्- ‘म टोलाएर बसेकी थिएँ । साँझ परेपछि दिदीहरू कामबाट फर्केर घरमा जम्मा भए । आमाले परिवारका सबै सदस्यलाई सँगै राखेर भोलिबाट कान्छु पनि पनि खेतुलाल अधिकारीको घरमा काम गर्न जाने जानकारी गराउनुभयो । त्यसपछि बल्ल बुझेँ कि ला ! म आजदेखि कमलरी भएछु ।’ त्यो दिन २०४५ साल माघ १ गते (माघे सङ्क्रान्ति) को दिन थियो । उनी त्यस दिनदेखि जमिनदारको घरमा कमलरी हुन पुगिन् जबकि उनलाई कमलरी भनकै राम्रोसँग थाहा थिएन ।



● विश्वास नेपाली

शान्ताले आफ्नो कमलरी जीवनलाई ‘कठोर यात्रा’ का रूपमा चित्रित गरेकी छिन् । जमिनदारका सबै सदस्यलाई हजुर भनेर बोलाउनुपर्ने, काममा जाउ, सामान किन्न बजार जाउ, बस्तुभाउ चराउ, खेतीपातीको काम गर, गाईवस्तुको हेरचाह गर, उनीहरूका छोराछोरीको हेरचाह गर, विद्यालय लाने/ल्याउने गरलगायत्का काम दैनिकरूपमा पीडादायीरूपमा गर्नुपर्‍यो । काम गर्दा कुनै सानो गल्ती भइहाल्यो भने जमिनदारनीको कुटाई खानु त सामान्य नै हुन्थ्यो कमलरीका लागि । यी पीडा सम्झँदै शान्ताले जमिनदारको घर पनि कमलरीका लागि ‘जेल’ जस्तै हो भनेकी छिन् ।

जमिनदारको घरमा बस्दा शान्तालाई कहिल्यै फुर्सद दिइँदैनथ्यो । गर्भवती हुँदासमेत उनलाई छुट्टी नदिएको घटनालाई यसरी स्मरण गरेकी छिन्- ‘पेटमा नौ महिनाको बच्चा लिएर पनि मैले काँधमा भारी उठाउनुपर्थ्यो । त्यसो गर्दा निकै पीडा हुन्थ्यो । मानवीयताका आधारमा जमिनदारले यस्तो बेलामा काम लगाउनुहुन्न भन्ने बुझ्नुपर्ने हो तर उनीहरूले कहिले पनि यस्तो बुझ्ने प्रयाससमेत गरेनन् । यस अर्थमा जमिनदार हामी जस्ता काम गर्न राखिएकाप्रति कति निष्ठुर हुन्थे भन्ने बुझ्न सकिन्छ ।’

शान्ता २०६३ सालमा आएरमात्र कमलरीबाट मुक्त भइन् । कमलरीबाट मुक्त भएपछि आफ्नो अधिकारका लागि भूमि आन्दोलनमा सक्रिय भइन् । साथै कमलरी मुक्ति आन्दोलनमा पनि । त्यसो त उनी कमलरी बस्दा पनि भित्रभित्रै कमलरी मुक्ति र भूमि अधिकार अभियानमा सक्रिय हुन थालिसकेकी थिइन् तर अब भने उनी खुलरै थप सक्रिय भइन् ।

अवसर पायो भने मान्छेले जस्तोसुकै गाह्रो कुरालाई पनि सजिलोमा रूपान्तरण गर्न सक्छ भन्ने ज्ञान शान्ताको जीवनीबाट पाउन सकिन्छ । भूमि अधिकार आन्दोलनकै प्रभावबाट पहिचान बढ्दै गएपछि नेकपा एमालेले २०६४ सालमा पहिलो पटक भएको संविधान सभामा उनलाई सभासद बनायो । यसपछि उनले आफ्नो जीवनलाई धेरै तरिकाले बदलेकी छिन् । जीवनमा कहिल्यै हार खाएकी छैनन् । जीवनमा विद्यालयको अनुहार नदेखेकी शान्ता मेहनत गरेर पढ्न सक्ने भइन्, लेख्न सक्ने भइन् । त्यतिमात्र होइन, अहिलेको प्रविधिलाई चुनौती दिँदै इमेल-इन्टरनेट तथा सामाजिक सञ्जालमा समेत सजिलै जोडिएकी छिन् । यस्ता थुप्रै वास्तविकता यो पुस्तकमा छ जसले जीवनलाई सङ्घर्षका रूपमा स्वीकार गर्दै सफलताको बाटो पहिल्याउन मार्गनिर्देश गर्छ । ●



# बङ्गलादेशको यात्रा र अनुभूति

● सरिता लुइँटेल

**बजारैबजारको गाउँ**

अगष्ट २० देखि २९, २०१३ सम्म बङ्गलादेश घुम्ने अवसर मिल्यो । साथमा थियौँ- रेनुका पौडेल, पुष्कर आचार्य, नरिराम लोहार, शुभराज चौधरी, राजकुमार बस्नेत र म । उदयन अङ्कुर सेवा संस्थाको समन्वयमा हामी मुक्तिरहट र कोलोनिपाराका दुई समुदायमा गयौँ । त्यो गाउँ सो संस्थाको कार्यालयबाट ४५ मिनेटको दूरीमा पर्दोरहेछ । भम्रणको पहिलो दिन अगष्ट २१ तारिख बिहान मुक्तिरहट भ्रमण सकेर खानापछि कोलानिपारा जानका लागि हिँडियो । ४५ मिनेटको दूरी यात्रा गर्ने क्रममा बाटोमा ५ वटा बजार भेटिए । ९–९ मिनेटको दूरीमा बजार । मान्छेको पनि त्यत्तिकै भिड । त्यहाँको जनसङ्ख्या धेरै भएर होला, बजारअनुसारकै भिडभाड हुने रहेछ ।

**नाटकको प्रभाव**

उदयन अङ्कुर सेवा संस्थाकै कार्यालयमा एक्टिभिष्टा टिमसँग छलफल भयो । ५० भन्दा बढी सदस्य रहेछन् । तीमध्ये ३० चाहिँ सक्रिय सदस्य रहेछन् ३ जना महिलासहित । एक्टिभिष्टा टिमका मोहमद हुसेन लिटुले सन् २०१० मा एक्टिभिष्टा टिम बनेको र यसले भूमिहीनलाई निवेदन लेख्न सघाउने, सरोकारवाला निकायमा भेट्न लैजाने काम गर्ने र समाज परिवर्तनका लागि चेतनामूलक नाटक देखाउने गरेको बताए । यस क्रममा विशेषगरी बालविवाह रोक्नका लागि नाटक देखाउने गरिएको रहेछ । त्यसको प्रभावले बङ्गलादेशको युनियन परिषद्मा विवाह दर्ता गर्दा उमेर पुगेको छ/छैन हेर्ने र पुगेकाले मात्र विवाह गर्न प्रोत्साहन गर्ने सहमति भएको रहेछ ।

**पैसा हैन, धान बैंक**

कोलानिपारामा धान बैंक खोलिएको रहेछ । यो सहकारीका सदस्यले सेयरका रूपमा धान बुझाउँदा रहेछन् । त्यसरी बुझाएको धान अनिकाल पर्दा ऋणका रूपमा लिन पाइनेरहेछ । फेरि पछि बुझाउनुपर्ने नियम पनि रहेछ, पैसा जस्तै । खेतीयोग्य जमिन भनिए पनि सधैँजसो आकाशे पानीको भर पर्नुपर्ने रहेछ । बेलाबेला पानी नपर्दा अनिकालले छोप्ने भएकाले अनिकाल टार्नका लागि समुदायकै मानिसले धान बैंकको सुरूवात् गरेका रहेछन् । यस्ता धान बैंक बङ्गलादेशको अन्य ठाउँमा पनि रहेको जानकारी पाउँदा हामीले पनि यसबारे सिक्नुपर्छ कि भन्ने लाग्यो ।

**नमुना व्यवस्थापन**

एक्टिभिष्टा टिमका मोहमद हुसेन लिटुले सिडिए तालिम केन्द्र दिनाजपुर पुऱ्याए । त्यहाँ संस्थाका डाइरेक्टर साह ए मोबिन जिन्ना, फिल्ड व्यवस्थापक मोहम्द अब्दुल जब्बरअली र क्षेत्रीय संयोजक कामरून झरना नाहुरसँग भेट भयो । हामीले उनीहरूसँग भ्रमणको उद्देश्यबारे बतायौँ र एकापसमा परिचय गऱ्यौँ । जिन्ना भाइले ३० जनादेखि ३०० जनासम्म बसेर एकैपटक तालिम तथा ठूला कार्यक्रम गर्न मिल्नेगरी बनाइएका फरक फरक हलबारे बताउनुभयो । ह्वाइटबोर्ड, प्रोजेक्टर, टिभी, प्रिन्टरलगायत् आवश्यक सामग्री त्यहीँ सेटिङ गरिएका थिए । १ घण्टा ३० मिनेटमा ३०० जनासम्मलाई एकै पटक खाना खुवाउन सकिने राम्रो व्यवस्थापन भएको तालिम केन्द्र रहेछ । तालिम केन्द्रमा काम गर्नका लागि त्यहीँ वरिपरिका आदिवासी परिचालन गरिनु अर्को राम्रो पक्ष लाग्यो ।

**भूमिहीनको प्रमाण भए...**

भ्रमणको अर्को दिन सिडिएकै माधवबाटी जनसङ्गठनमा छलफलका लागि गयौँ । ८५ परिवारबाट सुरू भएको उक्त सङ्गठनमा हाल २०० परिवार सङ्गठित भइसकेका रहेछन् । बङ्गलादेशमा १० डेसिमलभन्दा कम जग्गा भएका परिवारलाई युनियन परिषद्ले भूमिहीनको प्रमाणपत्र दिने व्यवस्था रहेछ । एकै बाबुका दुई, तीन छोरा भई छुट्टिएर बस्नका लागि अंशबन्डा गर्दा नपुगेमा युनियन परिषद्मा निवेदन दिई भूमिहीनको प्रमाणपत्र लिएर खस जग्गा खोजी बस्न पाउने व्यवस्था रहेछ ।

**शिथिल फूलबारी आन्दोलन**

बङ्गलादेशको भूमि अधिकार आन्दोलनमा धेरै सुनिएको र हाम्रो भ्रमण तालिकामा पनि प्राथमिकतामा परेको थियो- फूलबारी आन्दोलन भएको ठाउँमा जाने । त्यहाँ तेल, ग्यास र कोइला उत्पादनका लागि एसिया इनर्जी नामकको बहुराष्ट्रिय कम्पनी रहेछ । कम्पनीले कोइला खानीका लागि खेतीयोग्य ५ हजार एकड जमिन ३० वर्षका लागि लिएको रहेछ । त्योवापत स्थानीयलाई रोजगारी दिने सर्त पनि रहेछ । समुदायले रोजगारी चाहिँदैन, तीन बाली उत्पादन हुने खेती छाड्दैनौँ भन्दै विरोध गरे । ५ हजार एकड जमिनमा कोइला खानी बनाए १० हजार एकड जमिन भासिएर जान्छ भन्दै आन्दोलन चर्काएका रहेछन् ।

त्यहाँका मानिसलाई अन्यत्र सार्न कुरा चलेको रहेछ तर अन्यत्र सार्दा अरूकै नियन्त्रणमा बस्नुपर्ने, क्षमताअनुसार काम नपाइने, सयौँ वर्षदेखि चलेको संस्कार नमिल्ने भन्दै आन्दोलन बढ्दै गएको रहेछ । सरकारले भने कम्पनीको पक्ष लिँदै आन्दोलनकारीमाथि दमन गरेर कर्फ्युसमेत लगायो । प्रहरीको गोलीबाट ३०० जना घाइते भए भने ३ जनाको मृत्यु नै भयो । ३६ वटा गैरसरकारी संस्था त्यसको विरूद्ध उठे पनि कम्पनीले कोइला खानी चलाएरै छाडेको छ । गरिबहरू केही गर्न नसकेर मौन छन् । गैरसरकारी संस्था नै कम्पनिबाट पैसा लिएर आन्दोलन कमजोर पार्न थालेका छन् । पत्रकार पनि बिक्न थालेछन् । पेसागत सङ्गठन पनि राजनीतिक तछाडमछाडमा लागेकाले अहिले आन्दोलन शिथिल भएछ । ●

# जग्गा उपयोगमा मञ्च



● शुभराज चौधरी

**बाँझो जग्गाको उपयोग**

नवलपरासीको दाउन्नेदेवी-२ केराबारीको ऐलानी जग्गामा २०३६ सालदेखि ७२ परिवार सुकुम्बासी बसोबास गरिरहेका छन् । २०६४ फागुनमा गाउँ भूमि अधिकार मञ्च गठन भयो । ७२ मध्ये ४७ परिवारका महिला ९ र पुरूष ३८ सदस्य भूमि अधिकार मञ्चमा सङ्गठित छन् । प्रत्येक १० गते बैठक हुन्छ । बैठकमा समुदायको समस्या समाधानबारे छलफल गरिन्छ । मासिक १० रूपियाँका दरले आन्दोलन कोष उठाउँछन् । यहीबाट सङ्गठनमा १२ हजार ५० रूपियाँ आन्दोलन कोष जम्मा भएको छ । आन्दोलन कोषमा जम्मा भएको रकमले सदरमुकाममा हुने र्‍याली, धर्ना र सभामा सहभागी हुन सजिलो भएको छ ।

**भूमिको समस्या**

२०५५ सालमा नेपाली कांग्रेस सरकारमा थियो । नवलपरासी जिल्लामा सत्यनारायण खनालको अध्यक्षतामा गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले केराबारीमा ७८ परिवारलाई अस्थायी जग्गाधनी पुर्जा दियो । "सुकुम्बासी समस्या समाधान आयोगबाट फिल्डमा नआई कार्यालयमै बसेर कित्ताकाट गरिएको थियो । यसो हुँदा एउटाले जोतभोग तथा बसोबास गरेको जग्गा अर्कोको नाममा पुर्जा बन्यो । ५५ परिवार गैरसुकम्बासीले आयोगलाई प्रभावमा पारेर सुकुम्बासी बसिरहेको जग्गा दर्ता गराए"- केराबारी गाउँ भूमि अधिकार मञ्चका अगुवा तेजकुमार निरौलाले बताए । सो जग्गा अहिले पनि सुकुम्बासीले नै जोतभोग गरिरहेका छन् ।

**मञ्चको प्रयास**

चोरी तथा जालसाजी दर्ता बदरका लागि गाउँ भूमि अधिकार मञ्चका सदस्यले गाविसमा निवेदन दिए । पहिले त गाविसले यसबारे खासै चासो राखेन तर निरन्तर दबाब दिएपछि २०६८ चैत १० गते सर्वदलीय समितिको बैठक गरी गैरसुकुम्बासीलाई वितरण गरिएको पुर्जा बदर हुनुपर्ने र वास्तविक सुकुम्बासीले जोतभोग तथा बसोबासको आधारमा पुर्जा पाउनुपर्ने निर्णय गर्‍यो । यसका लागि सुकुम्बासी समस्या समाधान आयोग नवलपरासीलाई सिफारिस गर्‍यो । सोही सिफारिसका आधारमा केराबारी गाउँ भूमि अधिकार मञ्चले चोरी तथा जालसाजी दर्ता बदरका लागि सुकुम्बासी समस्या समाधान आयोग नवलपरासीमा निवेदन पेश गर्‍यो । जिल्ला आयोग नवलपरासीले दर्ता बदरका लागि केन्द्रीय आयोगमा पत्राचार गर्ने भन्यो । यसैबीच जेठ ९ गते सुकुम्बासी समस्या समाधान आयोग विघटन भयो । अहिले भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा समस्याबारे जानकारी गराउन जानका लागि कागजात जुटाउने कार्य भइरहेको छ ।

**बाँझो जग्गामा खेती**

केराबारीसँगैको दाउन्नेदेवी सामुदायिक वनको केही जग्गा बाँझो थियो । यसको उपयोग गर्नेबारे गाउँ भूमि अधिकार मञ्चको बैठकमा छलफल हुँदा केही जग्गामा डालेघाँस रोप्ने र भैंसी, बाखापालन गर्ने, बाँकीमा तरकारी र बेसार खेती गर्ने निर्णय भयो । २०७० वैशाखमा सामुदायिक वनमा निवेदन दिए । सामुदायिक वन र केराबारी गाउँ भूमि अधिकार मञ्चबीच जेठमा बैठक भयो । बैठकमा १५ बिघा जग्गा १० वर्षका लागि उपयोग गर्न पाउने लिखित सम्झौता भयो । अहिले इलाका वन कार्यालयको सहयोगमा ८ हजार डाले घाँसको बिरूवा रोपेका छन् । दैनिक २ जना सदस्यले बिरूवाको हेरचाह गर्छन् । भैंसी र बाखा पालनका लागि विकल्प संस्थासँग आर्थिक तथा प्राविधिक सहयोगका लागि छलफल भएको छ । बेसार खेती गर्न आवश्यक स्रोतका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग सहयोग माग गरेका छन् ।

**जग्गाको उपयोग**

केराबारी गाउँ भूमि अधिकार मञ्चका सदस्यले ५ कठ्ठादेखि १ बिघासम्म ऐलानी जग्गा जोतभोग गरेका छन् । जग्गा भिरालो थियो । उत्पादन खासै हुँदैनथ्यो । गाउँ भूमि अधिकार मञ्चमा जग्गाको उपयोगबारे छलफल हुन थाल्यो । मञ्चका सदस्यले जमिन सम्याउन थाले । अहिले उत्पादन पनि बढ्न थालेको छ । जग्गामा धान, गहुँ, मकै र तरकारी  लगाउने गर्छन् । सङ्गठनमा लागेकोहरू भन्छन्- पहिले परिवार पाल्न पनि धौ-धौ पर्थ्यो तर अहिले छोराछोरी पढाउन र हातमुख जोर्न सजिलो भएको छ । ●

## वार्षिक सामाजिक लेखाजोखा



देशका ५३ जिल्लामा भूमि अधिकार आन्दोलनमा यस आ.व.मा ४ करोड, ८४ लाख, ०३ हजार, ८८५ रूपियाँ खर्च भएको जानकारी गराइयो ।

संस्थागत पारदर्शिता र जवाफदेहिताका लागि आत्मनिर्भर सेवा केन्द्रले ६ वर्षदेखि निरन्तर वार्षिक सामाजिक लेखाजोखा कार्यक्रम गरी वार्षिक कार्यक्रम खर्च तथा आर्थिक तथा प्रगतिबारे सबैमा जानकारी गराउँदै आएको छ । सामाजिक लेखाजोखा कार्यक्रममा सहभागी अधिकारवाला तथा सरोकारवालाले दिएको पृष्ठपोषणका आधारमा आगामी योजना बनाउँदै संस्था अघि बढ्ने गरेको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको छैटौं वार्षिक सामाजिक लेखाजोखा भदौ १४ मा लैनचौर ब्याङ्केट्स काठमाडौंमा भयो । लेखाजोखा कार्यक्रममा आत्मनिर्भर केन्द्रबाट भूमि तथा कृषि अधिकार अभियानअन्तर्गत आ.व. २०६९/७० मा सञ्चालन भएका कार्यक्रम, त्यसका उपलब्धि र उपयोग गरिएको बजेटबारे जानकारी गराइयो ।

वार्षिक सामाजिक लेखाजोखा कार्यक्रममा भूमि अभियानका अगुवा, अभियानकर्मी, सहयोगी निकाय, सरोकारवाला निकायका प्रतिनिधिलगायत् १८६ सहभागी थिए । लेखाजोखा कार्यक्रममा सामाजिक लेखाजोखा कार्यक्रमका वक्ताहरूले आत्मनिर्भर केन्द्रको भूमि तथा कृषि अभियान उपलब्धिमूलक र प्रभावकारीरूपमा अघि बढ्दै गएको बताए । त्यतिमात्र नभई यसलाई निरन्तरता दिन आवश्यक रहेको पनि सुझाव दिएका छन् । अभियानले वास्तविक भूमिहीन तथा भूमि अधिकारबाट वञ्चितहरूलाई अधिकार दिलाउनका लागि महत्वपूर्ण भूमिका खेलेकाले यही गतिमा काम गर्नुपर्ने र अभियानलाई लक्ष्यमा पुऱ्याउनुपर्ने सुझाव प्राप्त भएको छ ।

## संयुक्त लालपुर्जा बनाउने अभियान जारी

विभिन्न जिल्लामा सञ्चालन भएको अभियानबाट संयुक्त लालपुर्जा बनाउने जोडी बढेको छ । बर्दिया, नुवाकोट, दाङ, ललितपुर, सुनसरी, महोत्तरी, डडेलधुरा, सुर्खेत, सर्लाही, कैलाली, पाल्पा, सिन्धुपाल्चोकलगायत् ३१ जिल्लामा सञ्चालित अभियानमा सङ्गठित भई यो तीन महिने अवधि (साउन–असोज)मा १५५ जोडीले संयुक्त लालपुर्जा निर्माण गरेका छन् । यसबाट ४३.९३ हेक्टर क्षेत्रफल जमिनमा महिलाको पनि पुरूष बराबर स्वामित्व कायम भएको छ ।

## साधारण सभा

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको १८ औँ वार्षिक साधारण सभा १५ भदौ २०७० मा भूमि घर धापासीमा भयो ।

साधारण सभामा संस्थाका साधारण सदस्य तथा कर्मचारी गरी ३५ सहभागी थिए । सभाले विभिन्न निर्णय गर्दै ५ वर्षभित्र संस्थाबाट गर्न सकिने मुख्य ५ उपलब्धि र ती उपलब्धि हासिल गर्नका लागि साधारण सदस्यहरूको के/के भूमिका रहने भन्ने विषयमा समूह कार्य गरी कार्ययोजना समेत तयार पारेको छ ।

## मानव अधिकार आयोगमा निवेदन पेश

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले भूमि अधिकार हननका घटनाका दोषीलाई कार्वाही गरी भूमिहीनको अधिकार दिलाइदिन आग्रह गर्दै राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी पेश गरेको छ । पछिल्लो समयमा देशका विभिन्न ठाउँमा भूमि अधिकारबाट वञ्चितहरूमाथि विभिन्न नाममा उठिबास लगाउने, बस्तीमा आगलागी गरी जलाउने घटना बढ्दै गएपछि मञ्चले मानव अधिकार आयोगमार्फत् भूमिहीन सुकुम्बासीको न्यायका लागि सहयोग गर्न आग्रह गरेको छ ।

बाँके जिल्लाको नौबस्ताको बाजुरेली बस्तीमा सामुदायिक वनले आगो लगाई २९ घरपरिवार सुकुम्बासीको बिचल्ली पारेको थियो । बर्दिया जिल्लाको कर्मेयामा सुकुम्बासी बस्तीमाथि राष्ट्रिय निकुञ्ज र सामुदायिक वनले गरेको उठिबासले थुप्रै मानिसको बिचल्ली भएको छ । त्यस्तै सुर्खेत जिल्लाको रूप्से गाविसमा सुकुम्बासी बस्तीमाथि सामुदायिक वन र स्थानीय प्रशासनले आगलागी गरी बस्ती नै सखाप गरेका थिए । यी घटनाले सयौं भूमिहीन सुकुम्बासी परिवार आतङ्कित भएका छन् भने उनीहरूको बाससमेत खोसिएको छ । वर्षौंदेखि जमिनदारको जमिन जोत्दै आएका मोही किसानले कहिल्यै न्याय पाउन सकेनन् । पुस्तौंपुस्ता त्यही जमिन जोते पनि न उनीहरूले जोतेको मूल्य पाउँछन् न मोही हक नै । उल्टै जमिनदारसँग मिलेर सरकारी निकायले समेत मोही किसानलाई दुःख दिन थालेपछि मोही हक दिलाइदिनका लागि मोही, बेदखली, मोही बाडँफाँट, नामसारीका ५५ थान फाइल (हालसम्म भूमि सुधार तथा मालपोत कार्यालयमा परेका मुद्दाको विस्तृत विवरणका कागजातहरू) तयार पारी मानव अधिकार आयोगमा उजुरी दर्ता गरिएको छ ।

अझै पनि जमिनदारकोमा बधुँवा मजदुरका रूपमा बस्न बाध्य तराईका सिरहा, सप्तरीलगायत् जिल्लाका हरूवा-चरूवाको मुक्ति र न्यायका लागि आयोगमा उजुरी दर्ता गरिएको छ । जमिनदारकोमा हरूवा-चरूवा बसेवापत उचित ज्याला नपाउने, आफूलाई मन लागेको काम गर्न पनि नपाउने । हरूवा–चरूवाको मुक्ति, पुनर्स्थापना र उचित शिक्षाका लागि सरकारलाई ध्यानकर्षण गराइदिनका लागि आयोगमा हरूवा–चरूवा मञ्चका अध्यक्ष दशन मण्डलले भूमि अधिकार मञ्चमार्फत् उजुरी दर्ता गराएका छन् । अहिलेसम्म विभिन्न निकायमा पेश गरेको तर त्यसको कुनै कार्यान्वयन हुन नसकेको ४१ थान फाइल तयार पारी आयोगमा उजुरी दर्ता गरिएको दर्शनले बताएका छन् ।

## भूमिसम्बन्धी द्वन्द्व रूपान्तरण तालिम

भूमिसम्बन्धी द्वन्द्व रूपान्तरण तालिम २०७० भदौ ११ देखि १४ सम्म सुन्दरीजल काठमाडौंमा भयो । तालिममा २२ जिल्लाका ३० भूमि अभियानकर्मी सहभागी थिए । तालिमको सहजीकरण फेकोफनका चुपबहादुर थापा र सामुदायिक आत्मनिर्भर केन्द्रका जगत देउजा र कुमार थापाले गर्नुभएको थियो ।

द्वन्द्वलाई बुझ्ने र विश्लेषण गर्ने क्षमताको विकास गर्ने, भूमि व्यवस्थापनमा देखापरेका द्वन्द्व, त्यसका कारण र समाधान गर्ने सीप विकास गर्ने, द्वन्द्वको अभिलेखन, उजुरी र सम्वाद सीप विकास गर्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो । तालिममा द्वन्द्व के हो र कसरी सिर्जना हुन्छ ? भूमि र द्वन्द्वको रूपान्तरण, रूपान्तरणका प्रक्रिया, यसको रचना र द्वन्द्वको अभिलेखनसम्बन्धी सहभागीहरूलाई अभ्यासद्वारा प्रशिक्षित गराइएको थियो । तालिम डानिडा ह्युगो र सेलर्डको सहयोगमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजनामा भएको थियो ।

## जिल्ला सम्मेलन

जिल्ला भूमि अधिकार मञ्च सुनसरी र ललितपुरको जिल्ला सम्मेलन भएको छ । सम्मेलनले सुनसरीमा शिवनारायण भण्डारीको अध्यक्षतामा १३ सदस्यीय जिल्ला मञ्च गठन गरेको छ ।

जिल्ला मञ्च सुनसरीमा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव र सदस्यहरूमा क्रमशः देवनारायण चौधरी, पशुपति चौधरी, बालकुमारी चौधरी, गणेश पाण्डे, मोहन गर्तौला, गंगा राई, वजन राजधानी, नुनुनारायण राजधामी, सानु चौधरी, गणेश तामाङ, किष्नी ऊर्व र शिवाकोटी छन् ।

त्यस्तै विशेष रूपमा भएको जिल्ला मञ्च ललितपुरको साधारण सभाले शुभद्रा बजगाईंको अध्यक्षतामा २ सदस्य पछि थप्ने गरी ९ सदस्यीय जिल्ला मञ्च गठन गरेको छ ।

जिल्ला मञ्चको उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरूमा क्रमशः विष्णु तिमल्सिना, सीता नेपाली, दिपेश स्याङ्तान, झरूवा राझी, सञ्जिव रूम्वा र नल्लु चौघरे रहेका छन् ।

## बसोबास तथा जोतभोग आधार प्रमाणपत्र प्राप्त

दाङको हेकुली गाविसमा सार्वजनिक ऐलानी जग्गामा बसोबास गर्दै आएका ३ परिवार भूमिहीन सुकुम्बासीले गाविसबाट बसोबासको आधार प्रमाणपत्र पाप्त गरेका छन् । उनीहरूले जिल्ला भूमि अधिकार मञ्चको पहलमा आधार प्रमाणपत्र लिएका हुन् ।

यसैगरी कैलालीको दरख गाविस-२ करैंचा भूमि अधिकार मञ्चमा सङ्गठित ३७ परिवार किसानले गाविसबाट जोतभोगको प्रमाणपत्र लिएका छन् । २०२२ सालदेखि बसेको बस्तीलाई जम्नेहटा सामुदायिक वनले आफ्नो सिमानाभित्र पारेपछि विवाद चर्कंदै आएको सो बस्तीमा जिल्ला भूमि अधिकार मञ्चको पहलमा संरक्षण भई उनीहरूले आधार प्रमाणपत्र पाएका हुन् ।

## जोडी सम्मान कार्यक्रम

जिल्ला भूमि अधिकार मञ्च, ललितपुरले भूमि अधिकार अभियानमा सङ्गठित भई भूमिमा महिलाको स्वामित्व बढाउने अभियानमा सङ्गठित भई संयुक्त लालपुर्जा बनाउने जोडीलाई सम्मान गरेको छ । टीकाभैरव लेलेमा भदौ १९ गते जोडी सम्मान कार्यक्रम भयो । ललितपुर जिल्लामा हालसम्म भूमि अधिकार मञ्चको अभियानमा सङ्गठित भई ५८ जोडीले संयुक्त लालपुर्जा बनाइसकेका छन् । सरकारले भूमिमा महिलाको स्वामित्व बढाउनका लागि सयमा संयुक्त पुर्जाको नीति आ.व. ०६७/६८ मा ल्याएपछि जिल्लाका यी जोडीले भूमिमा महिला र पुरूषको बराबर स्वामित्व कायम गराएका छन् । जोडी सम्मान कार्यक्रममा स्थानीय राजनीतिक दल, सहयोगी सङ्घ/संस्थाका प्रतिनिधि, गाउँ भूमि अधिकार मञ्चका प्रतिनिधिलगायत् २०० उपस्थिति थिए । सो कार्यक्रमको अवसरमा पछिल्लो पटक संयुक्त पुर्जा बनाउने १० जोडीलाई सम्मान गरियो ।

सम्मान कार्यक्रममा सहभागी राजनीतिक दल, सहयोगी सङ्घ/संस्थाका प्रतिनिधिले समाजमा महिलामाथि हुने हिंसा कम गर्न र महिलाको हरेक काममा आत्मबल बढाउनका लागि संयुक्त पुर्जा निर्माणले पनि महत्वपूर्ण भूमिका खेल्ने हुँदा यो अभियान फैलाउन आवश्यक रहेको बताए ।

## भूमि अधिकार सभा

संविधानमा भूमि अधिकारको मुद्दा समावेश गरौं, बस्ती उठिबासविरूद्ध खबरदारी गरौं भन्ने नाराका साथमा बृहद् भूमि अधिकार सभा बर्दियामा भयो । जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा भएको भूमि अधिकार सभामा सयौं भूमिहीन किसान, सुकम्बासी तथा मोही किसानको सहभागिता थियो । बर्दियाको गुलरियामा भएको सभामा भूमिहीनहरूले बृहद् कृषि औजारसहित प्रदर्शनीसमेत गरेका थिए । भूमिहीनहरू हातमा कुटो, कोदालो र डोको, नाम्लो, खुर्पेटो भिरेर र्‍यालीमा निस्केका थिए । सभा विशेषतः भूमि अधिकारको मुद्दा दलको घोषणापत्रमा समावेश गराउन दबाब दिने, बस्ती उठिबासविरूद्ध सरकार र दललाई खबरदारी गर्ने र भूमि अधिकारबाट वञ्चितलाई संविधान सभामा प्रतिनिधित्व गराउन राजनीतिक दललाई ध्यानकर्षण गराउने ध्ययेले आयोजना गरिएको थियो ।

भूमिहीनले सुकुम्बासी बसिरहेको ठाउँबाट हट्नुपर्ने, उठिबास गराउने, आगलागी गर्ने, दुःख दिने जस्ता कार्यमा राजनीतिक दलले पनि सहयोग नगरेकोप्रति आक्रोश पोखेका थिए । सभामा सहभागी भएका राजनीतिक दलका नेताहरूले अबको संविधान सभामा भूमि सुधारको मुद्दा लैजाने प्रतिबद्धता जाहेर गरेका छन् । सभामा राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव ल्यामबहादुर दर्जीले सम्बोधन गरेका थिए । महासचिवले भूमिहीनहरूलाई राजनीतिक दलका नेताहरूले पनि पछिल्लो समय उपेक्षा गर्न थालेकाले भूमि सुधारको मुद्दा समाधान गर्नका लागि अबको संविधान सभामा भूमिहीनको प्रतिनिधित्व गराउन सबै राजनीतिक दल प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

## भूमि घर बन्यो



जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको आफ्नै भूमि घर बनेको छ । स्थानीय गाविस र राजनीतिक दलको निर्णयबाट १ कठ्ठा १० धुर ऐलानी जग्गा भूमि घर निर्माणका लागि उपलब्ध गराएपछि जिल्ला मञ्चले आर्थिक सङ्कलन गरी भूमि घर निर्माण गरेका छन् । बरम्बाबा सामुदायिक वनले ६० क्युफिट काठ र जनकल्याण गाउँ भूमि अधिकार मञ्चबाट ८६ हजार रूपियाँ सहयोग प्राप्त भएपछि मञ्चले ढुङ्ग्रेखोला गाविसमा भूमि घर निर्माण गरेको छ । उक्त भूमि घरमा तीन कोठा छन् । जसमध्ये १ तालिम हल र २ अफिस कोठाका लागि प्रयोगमा ल्याइने छ । भूमि घर निर्माणका लागि समुदायका अगुवाको श्रमदान थियो भने सासापुर, जानकीनगर गाउँ भूमि अधिकार मञ्चको ३० हजार रूपियाँ आर्थिक सहयोग थियो । छाना छाउनचाहिँ आत्मनिर्भर सेवा केन्द्रले सहयोग गरेको थियो ।

## भूमिहीनले सम्झे भीमदत्तलाई



६१ औं भीमदत्त पन्त स्मृति दिवश मनाइयो । गरिब किसानको न्यायका लागि सङ्घर्ष गर्दा शहादत प्राप्त गरेका किसान नेता भीमदत्त पन्तको सम्झनामा साउन १७ मा कञ्चनपुरको भीमदत्तनगर, सिसैया, झलारी, वाणी, गुलरिया, वेलडाँडी र कैलालीको चौमालामा भूमि अधिकार मञ्चले सभा आयोजना गरी सम्झेको छ । पन्तको स्मृतिमा कञ्चनपुरको दैजी, झलारी, देखतभुली र कैलालीको टीकापुरमा वृक्षरोपणसमेत गरियो । डडेल्धुरामा भीमदत्तको शालिकमा बत्ती बालियो भने बैतडीमा पन्तले उठाएको मुद्दा र सान्दर्भिकताबारे अन्तर्क्रिया भयो । वि.सं.१९८३ मङ्सिर १० मा डडेल्धुराको कारीगाउँमा जन्मेका पन्तको वि.सं. २०१० साउन १७ मा हत्या भएको थियो ।

उनी गरिब, भूमिहीन सुकुम्बासी, दलित, हलिया, अन्यायमा परेका जनतालाई न्याय दिलाउन वकालत गर्थे भने किसानलाई बेदखल गर्ने, उनीहरूको नाममा जाली तमसुक बनाउने, श्रम शोषण गर्नेहरूलाई कार्वाही गर्थे । पछिल्ला दिनमा भीमदत्तलाई सम्झिनेमा गरिबमात्र छन् । उनलाई शहीद घोषणाका लागि राष्ट्रिय भूमि अधिकार मञ्चले माग गर्दै आएको भए पनि सरकारले सुनेको छैन । त्यस्तै जिल्ला भूमि अधिकार मञ्च सुनसरी, मोरङ र झापामा शहीद पन्तलाई स्मरण गरी उनले उठाएको मुद्दा र सान्दर्भिकताबारे छलफल कार्यक्रम भयो ।

## मधेसी दललाई भूमि सुधार सम्झाउँदै मञ्च

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले राजनीतिक दलका चुनावी घोषणापत्रमा भूमि सुधारको मुद्दा समेटेर लैजानका लागि मधेसवादी राजनीतिक दलका शीर्षस्थ नेताहरूसँग भेट गरी भूमि सुधारका लागि मागपत्र पेश गरिएको छ । तराई-मधेस लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना (आनन्दीदेवी) पार्टी र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) पार्टीका प्रमुख नेताहरूलाई भेटी भूमिको सवाल सम्बोधन गर्न ६ बुँदे मागपत्र पेश गरिएको छ ।

सार्थक भूमि सुधार गर्नका लागि भूमिहीनहरूको प्रतिनिधित्व संविधान सभामा गराउनुपर्ने माग पनि मञ्चले राखेको छ । मधेसी दलका नेताहरूले मञ्चको माग सम्बोधन गरिने प्रतिबद्धता जनाएका छन् ।



## भूमि शिविर

पर्वत जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा असोज ४ र ५ गते दुई दिने भूमि अधिकार शिविर भयो । स्थानीय स्रोत तथा गाविसको बजेटमा दाबी गर्नका लागि प्रकृया थाहा पाउने, अगुवाहरूलाई संयुक्त पुर्जा निर्माणका लागि उत्प्रेरित गर्ने, भूमिसम्बन्धी ऐन/कानुनबारे ज्ञान बढाउने उद्देश्यले आयोजना गरिएको शिविरमा धायरिङ, नाङ्लीवाङ, पिलटारी, खुर्कोट, पाङ, बाजुङ र पकुवा गाविसका ११ गाउँ भूमि अधिकार मञ्चका ३६ महिलासहित ५६ पुरूष अगुवा सहभागी थिए ।

शिविरमा स्थानीय निकायको स्रोत तथा बजेट सङ्गठनले कसरी दाबी गर्ने ? भूमिमा महिला अधिकार किन ? संयुक्त लापुर्जा अभियान के ? किन र कसरी ? भूमि सुधार के किन र कसरी गर्ने, भूमिसम्बन्धी कानुनलगायत विषयमा छलफल भयो । शिविरबाट सहभागीले संयुक्त पुर्जा अभियान फैलाउन, अभियानका लागि स्थानीय स्रोत जुटाउनेलगायत् योजना निर्माण भएका छन् । शिविरको सहजीकरण स्रोत केन्द्र-४ का संयोजक शुभराज चौधरी, पूर्णकालीन कार्यकर्ता रूपा विक, कार्यालय सचिव लक्ष्मी पौडेलले गरेका थिए ।

## अगुवा प्रशिक्षण

कञ्चनपुर, देखतभुली गाविसमा कटान गाउँ भूमि अधिकार मञ्चको भूमि घरमा कृष्णपुरका ५५ अगुवा र झलारी, पिपलाडीमा ३९ अगुवाको सहभागितामा अगुवा प्रशिक्षण भयो । प्रशिक्षणबाट गाउँ

सङ्गठन, जिल्ला मञ्च, राष्ट्रिय मञ्चले गरेका काम, उपलब्धि, सिकाई, चुनौतीबारे समीक्षा गरी मञ्चको उद्देश्य, विधानमा भएको व्यवस्था, मञ्चको आचारसंहिता, आन्दोलन कोष, संयुक्त लालपुर्जा, कृषि उद्यम, भूमि अधिकार कृषि सहकारी संस्था निर्माण तथा परिचालन, खाद्य सुरक्षा र समग्र भूमि अधिकारबारे अगुवालाई प्रशिक्षित गराइएको छ ।

कञ्चनपुरको ८ गाउँ मञ्चका ५४ अगुवालाई भूमि अधिकार मञ्चको विधान, आचारसंहिता, आन्दोलन कोष व्यवस्थित बनाउने, संयुक्त पुर्जा बनाउने, कृषि उद्यम, सहकारीमार्फत आयआर्जन बढाउने, सुरक्षित बास र खाद्य अधिकारको माग लिई स्थानीय तहबाटै हकदावी गर्ने विषयमा प्रशिक्षण भयो ।

दाङको विजौरी गाविसमा भूमि अभियानका अगुवालाई भूमि अभियानको विषयमा प्रशिक्षण भयो । प्रशिक्षणबाट सङ्गठनको सदस्यता वितरण, नवीकरण, सङ्गठनको महत्व, आन्दोलन कोष सङ्कलन तथा ऐलानी जग्गाको बसोबास तथा जोतभोग आधार प्रमाणपत्र गाविसबाट कसरी लिने भन्ने विषयमा अगुवा प्रशिक्षित भएका छन् । प्रशिक्षणमा १२ महिला, ११ जनजाति, ८ दलित गरी २५ अगुवा सहभागी थिए ।

सुर्खेतको कुनाथरी गाविसमा पनि अगुवा प्रशिक्षण भयो । अगुवा प्रशिक्षणमा जोतभोग आधारपत्र प्राप्तिका लागि गाविसमा निवेदन दर्ता गर्ने प्रकृया, संविधान सभामा भूमिको मुद्दा समेट्नका लागि राजनीतिक दलसँग गर्ने अन्तरसम्वादको प्रकृया, संयुक्त लालपुर्जा निर्माण र अगुवाको काम, कर्तव्य र अधिकारको विषयमा सहजीकरण भयो । प्रशिक्षणमा गाउँ भूमि अधिकार मञ्चका ३२ अगुवा सहभागी थिए ।

## सामुदायिक भूमि सुधार तालिम

सामुदायिक भूमि तथा कृषि सुधार अभियानअन्तर्गत सुर्खेतको सहारे, मेहेलकुना र मैनतडा गाविसका अगुवालाई सामुदायिक भूमि सुधारको विषयमा तालिम दिइएको छ । अक्सफामको सहयोगमा सञ्चालित कार्यक्रमअन्तर्गत आत्मनिर्भर सेवा केन्द्रको आयोजनामा भएको तालिममा संयुक्त लालपुर्जा अभियानसम्बन्धी तीन दिन तालिम दिइएको हो । भूमि अधिकार अभियानका २५ अगुवाको सहभागितामा भएको तालिममा सामुदायिक भूमि सुधार के हो, यसको आवश्यक्ता, यसको महत्व, महिलाको भू–स्वामित्वका लागि भूमि अधिकार आन्दोलन, संयुक्त लालपुर्जा निर्माण, प्रकृयालगायत् विषयमा सहजीकरण भयो ।

तालिमपछि भूमि अधिकार अभियानमा स्थानीय स्रोतको अधिकतम् उपयोग कसरी गर्ने, गाविसलगायत्का स्थानीय निकायबाट स्रोत कसरी जुटाउने र संयुक्त पुर्जा निर्माण अभियानलाई बलियो बनाउने विषयमा योजनासमेत निर्माण भएको छ । तालिमपछि ३५० जोडीको संयुक्त पुर्जा निर्माण गर्ने योजना बनेको छ ।

## बाँझो जग्गा उपयोग



दाङ, गङ्गापरस्पुर–३ प्रर्सामा २०५० सालमा राप्ती नदीले बहाव परिवर्तन गरेपछि निस्किएको नदी उकास ऐलानी जग्गा गौचरणको रूपमा प्रयोग हुँदै आएको थियो । उक्त गाविसमा भूमि अधिकार आन्दोलनको बिस्तारसँगै २०६२ सालमा ३० परिवार भूमिहीन सङ्गठित भई प्रर्सा गाउँ भूमि अधिकार मञ्च गठन

भयो । २०६६ सालदेखि भूमि सुधार अभ्यास कार्यक्रम सुरू भएपछि ऐलानी जग्गाको खोजी तथा उपयोग गर्न भूमिहीन, सुकुम्बासी, मुक्त कमैया तथा साना किसान अग्रसर भएर ऐलानी जग्गाको सदुपयोग गर्न थालेका छन् । यस क्रममा राप्ती नदीले बहाव परिवर्तन गरेपछि निस्किएको नदी उकास ऐलानी जग्गा पनि भूमि अधिकार मञ्चमा सङ्गठित परिवारले उपयोगमा ल्याएको छ ।

गाउँ मञ्चमा सङ्गठित भूमि अधिकारबाट वञ्चितहरूले नियमितरूपमा आन्दोलन कोषको पनि जोहो गर्न थालेका छन् । गाउँ मञ्चको आन्दोलन कोषको ४५ हजार रकमबाट नदी उकास जग्गा उपयोगमा ल्याइएको छ । गाउँका ८४ परिवार साना किसान तथा भूमिहीन परिवारले २०६९ जेठ ५ गतेदेखि नदी उकास ऐलानी जग्गा ४/४ कट्ठाका दरले बाँडफाँट गरी खेती गर्न थालेका छन् । भूमिहीनले प्रयोग गर्दै आएको जग्गामा सिँचाइको सुविधा थिएन । उनीहरू आकाशे पानीको भरमा खेती गर्न बाध्य थिए । तर पछि गाउँमा छलफल चलाई अरूले प्रयोग गर्ने गरेको कुलोको पानी प्रयोग गर्ने भए र सोवापत अरूसरह कर पनि तिर्दै आएका छन् । उनीहरूले उक्त जग्गामा धान, मास, बदाम तथा तरकारी खेती गर्दै आएका छन् र यसबाट राम्रो उत्पादन पनि लिन सफल भएका छन् । यसबाट अधिकांशको परिवारलाई खान पुग्ने भएको छ भने खानका लागि ज्याला मजदुरी गर्नुपर्ने परिवारलाई पनि धेरै सहयोग पुगेको छ ।

## कुरो नपुगेको हो कि ?

भूमि अधिकार बुलेटिन असार २०७० अङ्क ३३ मा जगत देउजाद्वारा लिखित 'ठूला खेतीको विपक्षमा' लेख पढ्न पाएँ जुन ज्यादै महत्वपूर्ण लाग्यो । लेखमा भिरपाखामा बडो मेहनत गरी जीविका चलाएका किसानको कुरा समेटिएका छन् । खेतबारीका सम्म, डिल, कान्लाको उपयोग र गोरू पाल्दा हुने दोहोरो तेहोरो फाइदा कुरा ज्यादै उत्प्रेरक र महत्वपूर्ण छन् । विदेशमा ठूला खेतीले मानव अधिकारमा पारेको प्रभावलगायत् बहिष्करणमा परेको अवस्था जस्ता उदाहरणले यो लेख पढ्नेलाई सचेत हुन मद्दत पुऱ्याउँछ ।

लेखको तेस्रो अनुच्छेदमा विभिन्न खेती प्रणालीबारे प्रश्नवाचकरूपमा अलमल रहेको पनि उल्लेख छ । ती अलमल चिर्दै किसानमा आधारित सहकारी खेती प्रणालीको विकल्प पनि प्रस्तुत गरिएको छ । पाठकले जान्न र बुझ्न के चाहेको निर्वाहमुखी, व्यावसायिक र ठूला खेती भनेको के हो ? यी खेती कसरी कसरी गरिन्छ ? भन्ने कुरा पनि लेखमा छ । अर्को कुरा किसानले उत्पादन गर्ने आफ्ना लागि हो, बजारका लागि होइन भन्ने आशय पनि देखिन्छ । यदि यस्तो हो भने किसानभन्दा बाहिरका मानिसलाई खाद्यान्न कुन खेती प्रणालीले परिपूर्ति गर्छ ?

सहकारी खेती प्रणाली विकास गर्न के/कस्तो तरिका अपनाउने ? त्यसबारे मसिनो गरी आएको भए लेख पढेर पनि अभ्यासमा जाने वातावरण बन्न सक्थ्यो । त्यस्तै पितृसत्तात्मक सामाजिक परिवेशमा महिलाको कार्यबोझ कम गर्न कुन खेती प्रणाली फलदायी हुन्छ ? यी विषयमा आगामी प्रकाशनमा पनि यस्तै महत्वपूर्ण लेख पढ्न पाइन्छ कि भन्ने आशा गर्छु ।

**–नारायणदत्त घिमिरे**
अभियानकर्ता
पञ्चनगर-२, नवलपरासी

## सामग्री पुगेन

भूमिसम्बन्धी विषयलाई सरलरूपमा जानकारी गराउने '**भूमि अधिकार**' त्रैमासिक समग्रमा राम्रो छ । असार, २०७० को पूर्णाङ्क ३३ मा शम्भु सापकोटाद्वारा लिखित **'अभ्यास : सामुदायिक भूमि सुधारको'** लेखले सिन्धुपाल्चोक जिल्लाको राम्चे गाविसको अभ्यासले अरू ठाउँमा पनि यस अभ्यास कार्यान्यवन गर्न सकिने सिकाई प्रदान गरेको छ । यस लेखले राम्रो अभ्यासको सुरूवात गर्दा पनि अगुवाहरूले भोग्नुपर्ने समस्या, समुदायले स्वीकार नगर्ने अवस्था र सफलतापछिको सन्तुष्टि राम्रोसँग समेटेको छ । भूमिको सवाललाई बहसमा लान यस बुलेटिन प्रभावकारी छ । आगामी दिनमा भूमिको सवाललाई साहित्यिक (लघुकथा, कविता) रूपमा समेत समेट्न सके अझ राम्रो हुने थियो ।

**–दीपक श्रेष्ठ**
धनगढी-५, सिरहा
हाल : काठमाडौं

## किसानलाई फाइदा

भूमि अधिकार बुलेटिन, पूर्णाङ्क ३३ पढ्ने मौका पाएँ । जगत देउजाद्वारा लिखित "ठूला खेतीको विपक्षमा" लेख राम्रो लाग्यो । हाम्रो देश पहाडैपहाडको देश हो । यहाँ गरिब र साना किसान धेरै छन् । किसानको जग्गामा एक हल गोरूले राम्रोसँग जोत्न सक्नेखालका खेतबारीका गरा पनि छैनन् । किसानले पाखा पखेरा, भिरका थाप्लाहरूमा साना-साना सुर्का बनाएर कोदालाले खनेर खेतीपाती गर्नुपर्ने बाध्यता छ । यस्तो देश र ठाउँमा मेसिनरी खेती कसरी सम्भव छ र ! ओखलढुङ्गा जिल्लामा कृषि विकास कार्यालयले ट्याक्टर खरिद गरी खेती गर्न योगदान दिन थालेको छ । किसानको ३५ प्रतिशत योगदान भएपछि अरू कार्यालयले दिने गरेको रहेछ । यही प्रविधि पनि पहाडका कान्लामा सम्भव देखिँदैन । यी सुर्का र कान्लामा कसरी खेती गर्ने भन्ने कुरा बुझेका छैनन् । मेसिन चलाउँदा लाग्ने पेट्रोल र मोबिलको भाउ बुझेका छैनन् । समुदाय पनि आफ्नो आवश्यकता पत्ता लगाउन नसक्ने र सहरीकरणतिर लागेर सुखी हुन थालिसकेका छन् । यसको असर कसलाई पर्छ, थाहा छैन । साना किसानले बुझेर आफैंले महसुस गरी जुटेर व्यावसायिक खेती गऱ्यो भनेमात्र आर्थिक वृद्धि हुन सक्छ । किसान-किसान मिलेर बालीमा चक्लाबन्दी गरी व्यवस्थापन गर्न जरूरी छ ।

**–सुष्मा गौतम**
कुन्तादेवी-९, ओखलढुङ्गा

## अधिकारप्रति सचेत पार्ने सामग्री

'भूमि अधिकार' बुलेटिन भूमि तथा कृषि अधिकार अभियानका अभियानकर्ता र अगुवाहरूको हौसला बढाउने र अधिकारप्रति सचेत पार्ने सामग्री भएको छ । र, यसले निष्क्रिय रहेका गाउँ सङ्गठन र आन्दोलनप्रति निरास सदस्यका लागि उत्प्रेरणा थप्न सघाइरहेको छ । राजनीतिक र नीतिगत कुरा जटिल हुन्छन् । ती कुरा पनि बेलाबेलामा यसमा पढ्न पाइरहेका छौं । लेख सरल शब्दमा लेखिने हुँदा समुदायका सामान्य मानिसलाई बुझ्न र विश्लेषण गर्न सजिलो बनाइदिएको छ । एक ठाउँको सफलताका कुरा अर्को ठाउँमा छलफल गर्दा भूमि अधिकार र राज्यबाट पाउनुपर्ने सेवा सुविधा निरन्तर सङ्घर्ष गरिरहँदा पाइने रहेछ भन्ने बुझाई बढाउन सहयोग पुगेको छ । बुलेटिन गाउँ भूमि अधिकार मञ्चको नियमित बैठकमा छलफल चलाउनका लागि गतिलो सामग्री पनि भएको छ ।

**–श्रीलक्ष्मी श्रेष्ठ**
कार्यालय सचिव
जिल्ला भूमि अधिकार मञ्च, पाल्पा

जय भूमि ॥

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन् । तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

पठाउने ठेगाना :
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org

# शब्द तस्विर



● बालकृष्ण शर्मा

केही समयअघि अछाम र बझाङको छोटो यात्रामा निस्केको थिएँ । गाउँ पुरुषविहीन छ । बसाइँसराई अधिक छ । खेतबारी बाँझिदै छन् । कामको जिम्मेवारी महिलाहरूको काँधमा छ । दुर्गम गाउँमा समस्यै समस्या छ । खै, कहाँ छ सरकार ? रेमिटेन्सको रन्कोमा रमाउने कि गाउँमै केही गर्ने ?

























१. जनशक्तिको अभावमा बाँझिदै छन् खेतीयोग्य जमिन/अछाम, जालपादेवी–४

२. विस्थापित भएकाहरूको घर भग्नावशेष हुदैछन् / जालपादेवी–४

३. वृद्धवृद्धाहरु कृषि श्रम गर्न बाँध्य छन् / रिडिकोट

४. खाद्यान्नको लागि चामलका बोरा बोक्दै महिलाहरु / बझाङ, स्याण्डी

५. जीविकाको लागि मजदुरी गर्दै महिला / स्याण्डी ।

६. न घाम छेल्छ वा पानी, कष्टपूर्ण जीवनयापन । वेलमती लोहारको घर, स्याण्डी

# भोट दिनुअघि अनिवार्य सोधौं उम्मेदवारलाई यी प्रश्न

१. सुकुम्बासी, भूमिहीन र साना किसानलाई जमिन उपलब्ध गराउन के गर्नुहुन्छ ?

२. सुकुम्बासीलाई जमिन दिँदा निःशुल्क दिने कि पैसा लिएर दिने ?

३. जमिनमा हदबन्दी लगाउने वा नलगाउने ? हदबन्दी बढीको जग्गा राज्यले लिँदा क्षतिपूर्ति दिने कि नदिने ?

४. खेती नगर्नेले जमिन राख्न पाउने कि नपाउने ?

५. साना र दिगो खेतीपातीको पक्षमा कि व्यापारिक खेतीपातीको पक्षमा ?

६. तपाईंको पार्टीको भूमि र कृषिसम्बन्धी नीतिहरू के के हो ?

७. तपाईंको परिवारमा महिलाको स्वामित्वमा जग्गा छ वा छैन ? छैन भने अब के गर्नुहुन्छ ?

८. तपाई आफैं खेती गर्नुहुन्छ वा हरूवा चरूवा, कमलरी राख्नुभएको छ ?

९. जमिनको उपयोग कसरी गर्नुभएको छ ?

१०. तपाई र तपाईंको पार्टीले हिजोका दिनमा गरेका बाचाहरू के के पूरा गऱ्यो ?

CSRC
आत्मनिर्भर केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर १९७९०, भूमिघर, धापासी-८ काठमाडौं, नेपाल
फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org, website– www.csrcnepal.org